# नेपालमा जलविद्युत परियोजनाहरूमा लाभ बाँडफाँड

## अस्पष्ट नीतिगत वातावरणले निम्त्याएको लागत

डा. ध्रुव भण्डारी









samriddhi THE PROSPERITY FOUNDATION

प्रकाशक
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

# नेपालमा जलविद्युत परियोजनाहरूमा लाभ बाँडफाँड

## अस्पष्ट नीतिगत वातारणले निम्त्याएको लागत

डा. ध्रुव भण्डारी

डिसेम्बर, २०१५

**प्रकाशक**

**समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन**

**प्रकाशक**
समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिम्सेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाडौं, नेपाल

फोन: (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स्: (९७७)-१-४४८-५३९१

ईमेल: info@samriddhi.org
वेबसाईट: www.samriddhi.org

**सहयोगार्थ**
Friedrich Naumann Foundation for Freedom

© समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

यस प्रकाशनको सम्पूर्ण अधिकार समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा निहित छ । यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन। यसको पुनःप्रकाशन वा पुनःप्रयोगको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सम्पर्क गर्न सकिनेछ ।

यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङग हालेर वितरण गर्न पाइने छैन । अन्यको हकमा पनि यही नियम लागु हुनेछ ।

ISBN: ९७८-९९३७-८९४७-५-३

पहिलो संस्करण : डिसेम्बर, २०१५
मुल्य : रु २०० मात्र

# विषयसूची


लेखकको बारे ख
कृतज्ञता ग
सन्दर्भ ङ
शोध पत्रको एक संक्षिप्त झलक छ
तालिकाहरुको सूची झ

१. **परिचय** १

२. **लाभ बाँडफाँडको अवधारणा तथा संयन्त्रहरू** ५

३. **नेपालमा लाभ बाँडफाँडको प्रावधान र अन्य देशका उदाहरणहरू** ९

४. **स्थानीय बासिन्दाको माग र आयोजनाहरुमा अवरोध** १३

५. **हालको वातावरणमा लाभको बाँडफाँडको लागत** २१

६. **आर्थिक सम्भाव्यता** २७

७. **यस अनिश्चितताका लागि को जिम्मेवार छ?** २९

८. **निष्कर्ष** ३३

सन्दर्भ सामग्रीहरु ३७
अनूसूचीहरु ३९

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन : एक परिचय
समृद्धि फाउण्डेशनका अन्य प्रकाशनहरु

## लेखकको बारे

### डा. ध्रुव भण्डारी

डा. ध्रुव भण्डारी समृद्धि फाउण्डेशनमा रिर्सच फेलो हुन् । उनले विकास अर्थशास्त्रमा ओक्लाहोमा विश्वविद्यालय (संयुक्त राज्य अमेरिका) बाट सन् २०१३मा विद्यावारिधि गरेका हुन् । समृद्धिमा आबद्ध हुनु अगाडी उनी ओक्लाहोमा विश्वविद्यालयमा रिसर्च एसोसिएट भई काम गर्दथे ।

# कृतज्ञता

यस शोध पत्र तयार गर्न सहयोग र मार्गदर्शन गर्नुहुने महत्वपुर्ण व्यक्तिहरुप्रति म कृतज्ञ छु । यस अध्ययनको प्रारम्भिक चरणमा सर्वेक्षण ढाँचा निर्माण, नमुना चयन, विज्ञसँगको बैठक आयोजना र पछिल्लो चरणमा पाण्डुलिपिको सम्पादनजस्तो प्रत्येक पाईलामा सघाउनु भएकोमा श्री सुमन बस्नेत प्रति म निकै आभारी छु । ईन्डिपेन्डेन्ट पावर प्रड्युसर्स एसोसिएसन, नेपाल (IPPAN) का सदस्यहरु लाई सर्वेक्षण प्रश्नावलीमा प्रतिक्रिया दिई सहयोग गर्नुभएकोमा धेरै-धरै धन्यवाद दिन चाहान्छु । जलविद्युत आयोजनाका निर्माण कर्ताहरुलाई म सँग उहाँहरुका अनुभवहरु साट्नु भएकोमा धन्यबाद । निर्माण कर्ताहरुले बजेट, लागत र आयजस्ता विषयमा सूचना नदिनुभएको भए यो प्रतिवेदन तयार हुने थिएन । लाभको बाँडफाँड सम्बन्धि अस्पष्टताले निजी क्षेत्रका लगानीकर्ताहरुको खर्च बढाएको छ र लाभको बाँडफाँड व्याख्यालाई स्पष्ट बनाउने तर्फ यो सहयोगी पाईला हुनेछ भन्ने मैले विश्वास लिएको छु । यो शोध पत्र फ्रेडरिक नौम्यान फाउण्डेशन फर फ्रिडमको महत्वपुर्ण सहयोगविना पुर्ण हुने थिएन । त्यसैले वहाँहरु प्रति पनि म अत्यन्त कृतज्ञ छु । अन्त्यमा समृद्धि फाउण्डेशनका मेरा सहकर्मीहरुप्रति उहाँहरुको सुझाव, मार्गनिर्देशन र अन्तिम सम्पादनका लागि मेरो साँचो आभार ।

ध्रुव भण्डारी
डिसेम्बर, २०१५

# सन्दर्भ

विद्युतको अत्याधिक अभावले गर्दा विद्युत उत्पादनको प्रचुर सम्भावना भएको नेपालमा जलविद्युत आयोजनाहरू छिटो निर्माण गर्नुपर्ने दबाव सिर्जना भएको छ । यद्यपि, विभिन्न नियामक चुनौतीहरूको कारणले गर्दा जलविद्युत आयोजनाहरूको निर्माणले पर्याप्त गति लिन सकेको छैन । समृद्धि फाउण्डेशनले जलविद्युतको क्षेत्रलाई अध्ययन गर्ने प्रयास सबैभन्दा पहिले सन् २०११मा नेपाल आर्थिक वृद्धि एजेण्डा २०१२ निर्माण गर्ने क्रममा गरेको थियो । त्यस पश्चातका वर्षहरूमा समृद्धिले यस क्षेत्रमा सामर्थ्य बराबरको उत्पादन हुनबाट कस्ता विशिष्ट चुनौतीहरूले रोकिरहेका छन् भन्ने विषयमा आफ्नो ध्यान केन्द्रित गरेको थियो । सन् २०१३मा, हामीले यस क्षेत्रलाई प्रतिस्पर्धाको कानून र व्यवसाय गर्ने वातावरणको नजरबाट विश्लेषण गर्‍यौं जसबाट उर्जा उत्पादकहरूको हकमा अनुमतिपत्रको मुद्दा र नेपाल विद्युत प्राधिकरणको क्रेता एकाधिकारको मुद्दा बाहिर आए । सन् २०१४मा, हामीले हाम्रो ध्यान यस क्षेत्रको वृद्धिमा एउटा मुख्य बाधक बनिरहेको चुनौती - विद्युत प्रसारणमा केन्द्रित गर्‍यौं । सन् २०१४मा हामीले “पोलिसी अप्सन्स फर इम्प्रुभ्ड ट्रान्स्मिशन सिस्टम इन नेपाल” यानि “नेपालमा सुधारिएको प्रसारण व्याख्याका लागि नीतिगत विकल्लहरु नामक शोध पत्र निकाल्यौं । सन् २०१५मा हामीले “लाभ बाँडफाँड”को व्यवस्थालाई हाम्रो मुख्य विषयवस्तु बनाएका छौं । निर्माणस्थलमा भएका स्थानीय समुदायसँग लाभको बाँडफाँडका मुद्दाहरू समाधान नहुनाले धेरै आयोजनाहरू रोकिएका छन् । भारतसँग सन् २०१४मा गरिएको उर्जा खरिद सम्झौता र फेब्रुएरी २०१५मा मन्त्री परिषदले नेपाल विद्युत प्राधिकरणलाई विभाजन (अनबण्डल) गर्ने प्रयास स्वरूप छुट्टै प्रसारण कम्पनी (राष्ट्रिय प्रसारण ग्रिड कम्पनी) बनाउन गरेको निर्णय नेपालमा जलविद्युत विकास प्रक्रियालाई द्रुत गति दिनका लागि महत्वपूर्ण कदमहरू थिए । यी कदमहरूले केही महत्वपूर्ण चुनौतीहरूलाई सम्बोधन गर्न मद्दत गरेको भएता पनि, लाभ बाँडफाँडको मुद्दामा भने नीति निर्माताहरूको ध्यान अझै पर्याप्त रुपमा पुग्न सकेको छैन ।

संक्षिप्तमा भन्नुपर्दा, यस शोध पत्र मार्फत हाम्रो अवलोकन के रहेको छ भने पर्याप्त कानूनी प्रावधानको अभावमा लाभ बाँडफाँडको व्याख्या अस्पष्ट

हुन जाँदा निजी जलविद्युत निर्माताहरूले यसको ठूलो मूल्य चुकाउनु परिरहेको छ । तसर्थ, नेपालको लाभ बाँडफाँडको व्यवस्थामा स्पष्ट रूपमा विधिको शासनको  टड्कारो आवश्यकता रहेको छ। यद्यपि यसका लागि प्रक्रिया सुरु बाटै प्रारम्भ गरिनु पर्दछ अर्थात 'खेलका नियमहरूको' वा विधिको स्थापनाबाट । सबै सरोकारवालाहरूलाई एकै स्थानमा ल्याएर कुनै एक पक्षको लागतमा अर्को पक्षलाई फाइदा नपुग्ने र सबैलाई बराबर लागु हुने किसिमका 'खेलका नियमहरू' स्थापना गर्ने अवसर यस क्षेत्रमा रहेको छ ।

# शोध पत्रको एक संक्षिप्त झलक

गत दशकमा, स्थानीय बासिन्दाका लाभ बाँडफाँडको मागहरूका कारण नेपालमा धेरै जलविद्युत आयोजनाहरूले निर्माण तथा सञ्चालनमा अवरोध सामना गर्नुपर्‍यो । स्थानीयहरूले कम्पनीमा शेयर स्वामित्व माग्ने देखि लिएर पूर्वाधार (सडक, विद्यालय, आदि.) निर्माण र रोजगारीको अवसरको माग सम्म राख्ने गरेका छन् । जलविद्युत आयोजनाहरूले सरकारलाई रोयल्टी पनि तिर्दै आएका छन् जसको केही भाग कानूनी व्यवस्था मार्फत नै उक्त जिल्लामा फिर्ता जानुपर्ने हो। यद्यपि, कार्यान्वयन एकदम कमजोर छ। यसले गर्दा सरकारले पूरा गर्न नसकेका जिम्मेवारीहरू (जस्तै सडक, अस्पताल, विद्यालय निर्माण, रोजगारीको अवसर आदि) पूरा गर्न जलविद्युत निर्माताहरूमाथि दबाव परिरहेको छ। स्थानीयका केही मागहरू आयोजनाका लागि विवेकपूर्ण र सम्भाव्य मान्न सकिएता पनि, केही अवस्थाहरूमा निर्माताहरूले आफ्नो गच्छेले धान्नै नसक्ने किसिमका अनौठा मागहरूको सामना पनि गर्नु परेको उदाहरणहरू छन् । यसो हुनुको मूल कारण लाभ बाँडफाँडको बारे स्पष्ट र पर्याप्त कानूनी व्यवस्था नहुनु हो । यस्तो हुनाले अनिश्चित व्यवसाय वातावरण सिर्जना भएको छ र आयोजनाहरूको निर्माण लागतमा वृद्धि भएको छ । लागत वृद्धिले गर्दा कतिपय अवस्थामा आयोजनाको आर्थिक सम्भाव्यता संकटमा पर्ने अवस्था समेत सृजना हुन सक्छ ।

आयोजना बारम्बार स्थगन हुँदा यस्तो अवरोधले आयोजना निर्माणको लागत बढाउँछ । लाभ बाँडफाँडसँग सम्बन्धित लागतमा स्थानीयको माग पुरा गर्न लाग्ने प्रत्यक्ष खर्च, आयोजना बारम्बार रोकिनाले परिचालनमा भएका यो जनाहरुमा आयको गिरावट र स्थगन पश्चात पुन गति लिनका लागि लाग्ने पुनर्परिचालन खर्च पर्दछन् । आयोजनाको लागि यो अतिरिक्त लागत हो किनभने यसबारे पूर्वानुमान गर्न वा पर्याप्त रूपमा लागत विनियोजन गर्न गाह्रो छ । यसो हुनुको कारण स्थानीयले के माग राख्छन् र ती माग पूरा गर्न कति खर्च लाग्छ भनेर पूर्व अनुमान गर्न नसक्नु हो। स्पष्ट नीति भएका खण्डमा यस्ता विनियोजन नगरिएका अतिरिक्त खर्चबाट बच्न सकिन्थ्यो ।

यस शोध पत्रमा हामीले दश वटा जलविद्युत आयोजनाहरुमा लाभ बाँडफाँडको लागतसँग सम्बन्धित अनुमानित लागतको बारेमा गरेको सर्वेक्षणबाट आएको आँकडा प्रयोग गरेका छौं । यद्यपि, यस शोध पत्रले यस्तो अनिश्चितताका कारण यस क्षेत्रले गुमाएको लगानीलाई पनि लागतका रुपमा संलग्न गरेको छैन। यो शोध पत्र लाभको बाँडफाँडको सम्बन्धी स्पष्ट र कार्यान्वयन गर्न सकिने किसिमको नियामक संरचनाको अभावले गर्दा निर्माताहरूले भोग्नुपरेको अनुमानित लागतमा केन्द्रित छ ।

यस शोध पत्रले स्थानीय बासिन्दासँगको लाभ बाँडफाँडको लागि विषय क्षेत्र र आधार परिभाषित गर्ने स्पष्ट नीति निर्माण गर्न सिफारिस गर्दछ। त्यस किसिमको नीतिले आयोजनाको आकार, बजेट, वित्तीय स्रोत तथा वित्तीय सम्भाव्यतालाई मध्यनजर गर्नुपर्दछ । यस अध्ययनको सर्वेक्षण आँकडाको आधारमा हामी १० मेगावाट भन्दा कमका आयोजनाको हकमा कुल लागतको २% र २० मेगावाट भन्दा बढी तर ६० मेगावाट भन्दा कमका आयोजनाको हकमा भने कुल लागतको ०.५% लाभ बाँडफाँडमा खर्च गर्न सक्ने वित्तीय सम्भावना रहन्छ भन्ने निष्कर्षमा पुगेका छौं ।

# तालिकाहरुको सूची


तालिका १. मौद्रिक वा गैर-मौद्रिक लाभ बाँडफाँड ६

तालिका २. नेपालमा स्थगित भएका जलविद्युत आयोजनाहरू १५

तालिका ३. आयोजना निर्माण सम्पन्न गर्ने औसत समयावधि र लागत (रुपैँयामा) २२

तालिका ४. लाभ बाँडफाँडको प्रत्यक्ष लागत र आयको नोक्सानी २३

तलिका ५. आर्थिक सम्भाव्यता तथा लाभको बाँडफाँडको कुल लागत २७

# १. परिचय

नेपाल विद्युत प्राधिकरणको सन् २०१४ को वार्षिक प्रतिवेदन अनुसार नेपालमा करिब ४० हजार मेगावाट बराबरको जलविद्युत उत्पादन आर्थिक रूपमा सम्भाव्य छ जसमध्ये १.५% भन्दा कम मात्र (करिब ७९१ मेगावाट) हालसम्म विकास गरिएको छ । आर्थिक वर्ष २०१३/१४ मा नेपाल एकीकृत विद्युत प्रणालीको (Integrated Nepal Power System (INPS)) वार्षिक उच्चतम माग १२०१ मेगावाट रहेको अनुमानमध्ये ४१० मेगावाट बराबरको विद्युत अपुग रहेको थियो । आपूर्ति गरिएको ७९१ मेगावाटमध्ये, ४३६.४ मेगावाट नेपाल विद्युत प्राधिकरणको जलविद्युतबाट, २२ मेगावाट नेपाल विद्युत प्राधिकरणको थर्मल संयन्त्रबाट, २१६ मेगावाट स्वतन्त्र उर्जा उत्पादकहरुबाट र बाँकी ११६.२ मेगावाट आयातबाट प्राप्त भएको थियो । अघिल्लो आर्थिक वर्षको कुल माग १०९४.६ मेगावाट रहेकाले यस वर्ष कुल माग ९.७% ले वृद्धि भएको देखिन्छ (नेपाल विद्युत प्राधिकरण, २०१४) । नेपाल विद्युत प्राधिकरणको प्रतिवेदन अनुसार उर्जाको मागमा निरन्तर वृद्धि हुनेछ र उच्चतम माग (पिक लोड) सन् २०२० सम्ममा २२०० मेगावाट पुग्नेछ (नेपाल विद्युत प्राधिकरण, २०१४) ।

प्रचुर मात्रामा जलस्रोत रहेको तथा विद्युतको माग बढ्दो हुनुका बावजुद किन नेपालमा विद्युतको अभाव छ र जलविद्युत सम्भावनाको अपर्याप्त उपयोग भएको छ ? सोभाकुल आदि (२०११)ले नेपालमा जलविद्युत निर्माणमा भएका सामाजिक-प्राविधिक अवरोधहरूलाई निम्नानुसार संक्षेपण गरेका छन् : प्राविधिक/वातावरणीय, आर्थिक/वित्तीय, राजनीतकि/नियामक तथा सामाजिक/साँस्कृतिक । यस शोध पत्रले नेपालको जलविद्युत विकासमा विद्यमान राजनीतिक/नियामक अवरोधहरूमा ध्यान केन्द्रित गर्दछ । अझ विशेषगरि, नेपालमा लाभ बाँडफाँडको स्पष्ट कानूनी व्यवस्था नहुनाले निजी निर्माताहरू माथि थपिएको लागतकाबारेमा यस अध्ययन गरी यस शोध पत्र तयार पारिएको छ ।

जलविद्युत आयोजनाहरूले विद्युत उत्पादन, बाढी नियन्त्रण, सिँचाइ, औद्योगिक तथा घरेलु प्रयोगका लागि पानी आपूर्ति तथा कर राजस्व सहितका उल्लेखनीय लाभहरू प्रदान गर्न सक्दछन् । आयोजनाका लाभार्थीहरू टाढा बसोबास गर्ने र स्थानीय समुदायहरूले भने आयोजनाबाट आउन सक्ने जोखिम सामना गर्नुपर्ने र आयोजनाकै लागि आफ्नो जमिन र जीवनशैली (कृषि, माछापालन आदि) परित्याग गर्नुपर्ने परिस्थिति भने हुन सक्दछ। जग्गा अधिग्रहण, बाढी तथा अन्य भूगर्भीय जोखिमका कारण स्थानान्तरण गर्नुपर्नेहुँदा प्रायः जसो स्थानीयबासीले आयोजनाको लागत बेहोर्नु परिराखेको हुन्छ (डब्लुसिडि, २०००) । लाभ बाँडफाँडको अभिप्राय स्थानीय बासिन्दाहरूलाई जलविद्युत आयोजनाको कारण उनीहरूले दीर्घकालमा भोग्नुपर्ने जोखिम तथा आर्थिक नोक्सानीको क्षतिपुर्ति दिनु हो । स्थानीय बासिन्दा जसले जोखिमको सामना गर्नुपर्दछ र आफ्नो विद्यमान जीवनशैली परित्याग गर्नुपर्दछ उनीहरूलाई आयोजनाबाट हुने दीर्घकालीन लाभमा हिस्सेदार बनाइनुपर्छ भन्ने कुरामा आम सहमति भएको पाइन्छ। नेपालका निजी जलविद्युत निर्माताहरू यस कुरामा सचेत छन् र स्थानीयबासिन्दासँग लाभ बाँड्नका लागि सहमत रहेका छन्। समस्याको जड (र यस शोध पत्रले अनुसन्धान गर्ने समस्या पनि) के हो भने अहिलेको जस्तो परिस्थितमा लाभ बाँडफाँडको निर्धारित आधारशिल र कानूनी प्रावधानको अभावमा स्थानीयहरूको माग बढिरहेका छन् र ती माग पूरा गर्न नसक्दा आयोजनाहरूमा बारम्बार अवरोधहरू आइरहेका छन् ।

स्थानीय बासिन्दालाई लाभ बाँडफाँडको रूपमा निर्माताहरूले के के दिनुपर्ने हो भन्ने बारे स्पष्ट नीतिगत संरचनाको अभावले गर्दा स्थानीय बासिन्दाहरूले निर्माता समक्ष आयोजनाको आकार, बजेट तथा वित्तीय सम्भाव्यता ध्यानमा नराखी रोजगारी, पूर्वाधार निर्माण, कम्पनीमा हिस्सेदारी जस्ता मागहरू प्रस्तुत गर्नाले समस्याहरू सिर्जना भइरहेका छन्[१] । आयोजनाबाट स्थानीयले राख्ने अपेक्षा झल्काउने एउटा लेखको अंश यहाँ प्रस्तुत गरिएको छ :

१ विद्यमान नीतिहरु अनुसार उर्जा उत्पादनकर्ताहरुले निश्चित रोयल्टी तिर्नुपर्ने प्रावधान छ । यस रोयल्टी रकमले प्राभावित समुदायसँग लाभको बाँडफाडको मुद्दा सम्वोधन गरिनुपर्ने हो । यद्यपि, स्थानीय सरकारी संयन्त्रको अभावमा (नेपालको पछिल्लो स्थानीय चुनाव १७ वर्ष अघि भयको थियो), उक्त रोयल्टी रकम कर्मचारीतन्त्रबाटै बिलाउँछ। यसले गर्दा पूर्वाधार निर्माण र आधारभूत सुविधाहरुको माग सरकारबाट निजी जलविद्युत निर्माणकर्ताहरुमा स्थानान्तरण भएको देखिन्छ।

*सुर्खेत सालकोटका तिलक अधिकारीले हालै ९०० मेगावाटको कर्णाली जलविद्युत आयोजनाको प्रस्तावित निर्माण स्थल दाबमा १.५ रोपनी जमिन किनेका छन् । उनी भन्छन् : "मैले यस आयोजनामा रोजगारी, राम्रो क्षतिपूर्ति र आयोजनाको केही शेयर स्वामित्व पाउने अपेक्षा सहित जम्मा ५ लाख रूपैयाँमा यो जमिन किनेको हुँ ।" (नेपाल उर्जा मञ्च, २०१५)*

यस शोध पत्रले अहिलेको अवस्थामा नेपालमा काम गरिरहेका निजी निर्माताहरूको हकमा लाभ बाँडफाँडसँग सम्बन्धित वास्तविक लागत कति छ भनेर अध्ययन गरेको छ । यी लागतहरू आयोजना निर्माण सम्झौता अनुसार कानूनत : लाग्ने खर्च भन्दा बाहेकका अतिरिक्त खर्चहरू हुन् । निर्माताहरूको अतिरिक्त खर्च निम्नानुसार हुन्छन् : स्थानीयवासिन्दाको माग अनुसार पूर्वाधारजस्ता भैतिक वस्तु प्रदान गर्दा लाग्ने प्रत्यक्ष खर्च, सञ्चालनमा अवरोध आउनाले भएको आयमा आउने ह्रास र अवरोध पश्चात आयोजनालाई पहिले कै गतिमा ल्याउनका लागि लाग्ने पुनर्परिचालन खर्च ।

*माथिल्लो तामाकोशी आयोजना (४५६ मेगावाट)का कामदारहरूले प्रत्येकले कम्तीमा ५०० कित्ता शेयर पाउनुपर्ने माग राख्दै आएका छन् जबकि त्यहाँका स्थानीयहरूको आफ्नै छुट्टै माग छँदै छ । आयोजना सम्बद्ध सुत्रका अनुसार यसको परिणाम स्वरूप, निर्माणमा भएको ढिलाईले गर्दा दिनानुदिन बढिरहेको खर्च र आयोजना स्थगन गर्दा ठेकेदारलाई दिनुपर्ने क्षतिपुर्ति गरेर उक्त आयोजनाले प्रत्येक दिन करिब ३ करोडको नोक्सानी बेहोरिरहेको छ (अर्को नेटवर्क, २०१५) ।*

लागत परिमाणीकरण गर्न र वित्तीय सम्भाव्यता बुझ्नका साथै अवरोधका कारणहरू र आयोजना निर्माणमा बढी समय र खर्च लाग्नुमा लाभ बाँडफाँडले खेल्ने भूमिका बारे अध्ययन गर्नका लागि हामीले यस शोध पत्रमा जलविद्युत आयोजनाका निजी निर्माताहरू माझ सर्वेक्षण गर्‍यौं । हामीले यस क्रममा १० वटा जलविद्युत आयोजनाहरुको अध्ययन गर्‍यौं जसमध्ये ६ वटा आयोजनाहरू १० मेगावाट भन्दा कमका थिए र बाँकी आयोजनाहरू २० मेगावाट देखि ६० मेगावाट भित्रका थिए । **हामीले अध्ययन गरेका सबै आयोजनाहरूले स्थानीय बासिन्दाहरुबाट मागहरूको**

**सामना गरेका थिए ।** लाभ बाँडफाँड अन्तर्गत धेरै उठाइने साझा मागहरूमा स्वास्थ्य चौकी, सडक तथा विद्यालय निर्माण, रोजगारी, सिँचाइका पूर्वाधार निर्माण, सामुदायिक विकास कोषको निर्माण तथा त्यसमा योगदान, र कम्पनीमा शेयर स्वामित्व रहेका छन् । अधिकांश आयोजनाहरूले प्रदान गरेका लाभहरूमा पनि यिनै कुराहरू पर्दछन् । यी मागमा सबैभन्दा लोकप्रिय माग कम्पनीमा स्थानीयको शेयर स्वामित्व (५-१०%)को प्रावधान रहेको छ। हामीले सर्वेक्षण गरेका आयोजनाहरूलाई आयोजना निर्माण वा सञ्चालनको क्रममा अवरोध सामना गर्नुभएको छ भनेर प्रश्न गर्दा १० मध्ये ७ बाट “छु” भन्ने जवाफ आएको थियो । आयोजना तर्जुमाको चरणमा भएको हुनाले एक जना बाट “अहिलेसम्म छैन” भन्ने जवाफ आएको थियो भने बाँकी दुई जनाबाट भने “छैन” भन्ने जवाफ आएको थियो ।

यस शोध पत्रको बाँकी अंश निम्नानुसार संगठित छ। अघिल्लो खण्डले लाभ बाँडफाँडको अवधारणा र यसका केही संयन्त्रका बारेमा चर्चा गर्दछ। यस पश्चात नेपालमा लाभ बाँडफाँड, आयोजनामा अवरोध तथा स्थानीयको मागको सन्दर्भको बारेमा चर्चा गरिएको छ। त्यसपश्चात यस शोध पत्रले निजी निर्माताहरुको हकमा लाभ बाँडफाँडको लागत र वित्तीय सम्भाव्यताको बारेमा चर्चा गरी जलविद्युत आयोजनाहरूको निर्माण अवधि तथा लागत वृद्धि हुनु पछाडीका कारकहरूको क्रमाङ्कन गरेको छ । अन्त्यमा, अगाडि आएका मुद्दाहरुको आधारमा नीतिगत सुझावहरू प्रदान गरिएको छ ।

## २. लाभ बाँडफाँडको अवधारणा तथा संयन्त्रहरू

लाभ बाँडफाँडको अवधारणा आयोजनाद्वारा प्रभावित स्थानीय बासिन्दाहरूलाई उनीहरूले जमिन, पानी, वनजंगल आदि माथिको पहुँच तथा कृषि, माछापालन आदि जस्ता स्थानीय स्रोतहरुमा आधारित जीवनशैली लगायतका विषयमा गर्नु परेको परित्याग र भोग्नुपरेको (वातावरणीय तथा भूगर्भीय) जोखिमको लागि एकपटकको क्षतिपूर्ति र दीर्घकालिन लाभ दिने भन्ने हो । आयोजनाको लागि जग्गा अधिग्रहण गर्ने क्रममा स्थानीय बासिन्दाहरू विस्थापित हुने अवस्था पनि आउँछ। लाभ बाँडफाँड स्थानीय बासिन्दा र निर्माताबीच साझेदारी स्थापना गर्ने माध्यम पनि बन्न जान्छ । लाभ बाँडफाँडको अवधारणा आयोजनाको अवधिभर जलविद्युत आयोजनाहरूले आर्थिक आयआर्जन गर्न सक्छन् र त्यसलाई प्रभावित जनसंख्यासँग बाँड्नुपर्छ भन्ने सिद्धान्तमा आधारित छ । आयस्रोत रोयल्टी, शुल्क, प्रतिस्पर्धात्मक लिलामी, कर आदिबाट प्राप्त हुन सक्छ र प्रभावकारी तथा न्यायपूर्ण वितरण संयन्त्र मार्फत जनतालाई फिर्ता दिन सकिन्छ (इग्रे, २००७) ।

स्थानीय बासिन्दाले आयोजनाको लागि गर्नुपरेको परित्यागको कारणले गर्दा स्थानीय समुदायलाई आयोजनाको निर्माताहरूसँगै आयोजनाको दीर्घकालीन लाभको भागीदार बनाउनुपर्छ भन्ने कुरमा आम सहमति रहेको छ। बाँध सम्बन्धी विश्व आयोग (२०००) ले पनि समता, प्रभावकारिता, सहभागितामूलक निर्णय प्रक्रिया, दिगोपन तथा जवाफदेहिताको सिद्धान्तका आधारमा आयोजनाबाट प्रभावित समुदायको विकासका लागि दीर्घकालीन प्रतिबद्धतामा जोड दिएको छ । उक्त प्रतिवेदनमा उल्लेख भए अनुसार,

*"बाँधहरूले मानव विकासमा महत्वपूर्ण र उल्लेखनीय योगदान दिएका छन् र तिनबाट प्राप्त गरिएका लाभहरू उल्लेखनीय छन् । यद्यपि, धेरै अवस्थामा यी लाभहरू हासिल गर्नका निमित्त विस्थापित मानिसहरू, अनुप्रवाह (डाउनस्ट्रीम) मा बसोबास गर्ने समुदायहरू, करदाताहरू र प्राकृतिक वातावरणले सामाजिक तथा वातावरणीय हिसाबले, अमान्य र प्रायः जसो अनावश्यक मुल्य चुकाइराखेको पाइन्छ ।"*

नेपालको सन्दर्भमा एउटा यस्तो उदाहरण प्यूठानमा रहेको झिम्रुक जलविद्युत आयोजना हो जसमा आयोजनाको निमित्त एउटा नदीलाई मोड्नु परेको थियो । यसले गर्दा अनुप्रवाहमा बसोबास गर्ने समुदायहरू उनीहरूको धानखेतको सिँचाइका लागि आवश्यक मात्रामा पानी नपाएर प्रभावित भएका थिए (दिक्षित आदि २००५) । लाभ बाँडफाँड मौद्रिक वा गैर-मौद्रिक दुवै हुन सक्छ र धेरै जसो प्रयोग गरिने मौद्रिक र गैर-मौद्रिक लाभहरू तलको तालिका १ मा सूचीकृत गरिएका छन् ।

तालिका १. मौद्रिक वा गैर-मौद्रिक लाभ बाँडफाँड

| **मौद्रिक** | **गैर-मौद्रिक** |
|---|---|
| आम्दानी सहभाजन | रोजगारी सिर्जना |
| विद्युत दरमा सहुलियत | पूर्वाधारमा सुधार |
| वतावरणीय सेवाका लागि भुक्तानी | स्वास्थ्य तथा शिक्षा कार्यक्रममा सहयोग |
| सामुदायिक विकास कोष | जमिन तथा जंगलको पहुँचमा सुधार |
| शेयर स्वामित्व सहभाजन (Equity Sharing) | जल व्यवस्थापनमा सुधार |

*स्रोतः जलविद्युत आयोजनाहरूमा स्थानीय लाभ बाँडफाँडका लागि एक निर्देशिका (वाङ, २०१२)*

**स्थानीय समुदायहरूसँग प्रभावकारी ढंगले लाभ बाँडफाँड गर्नका लागि वाङ** (२०१२) **ले निम्न कदमहरू सुझाएका छन् :**

- जलविद्युत आयोजनाले स्थानीय समुदायमा पार्ने प्रभावका बारेमा बुझ्ने

- कानूनी तथा नियामक आधार र स्थानीय विकासको सन्दर्भ विश्लेषण गर्ने
- सरोकारवालाहरूसँग परामर्श लिने
- लाभ बाँडफाँड कार्यक्रमको उद्देश्यहरू निर्माण गर्ने, लाभार्थीहरू परिभाषित गर्ने
- लाभ बाँडफाँडका किसिम तथा वितरण संयन्त्र निर्माण गर्ने
- लाभ बाँडफाँडको व्यवस्थापनलाई विभिन्न प्रवेश विन्दुबाट जाँची हेर्ने
- लाभ बाँडफाँडका कार्यक्रमको कार्यान्वयन व्यवस्था स्थापना गर्ने

# ३. नेपालमा लाभ बाँडफाँडको प्रावधान र अन्य देशका उदाहरणहरू

विद्युत ऐन (२०४९) को दफा ११ ले व्यवस्था गरे अनुसार १ मेगावाट भन्दा बढी बिजुली उत्पादन गर्ने आयोजनाहरूले सरकारबाट अनुमतिपत्र (लाइसेन्स) लिनुपर्छ र सरकारलाई अधिशुल्क (रोयल्टी) बुझाउनु पर्दछ । हाल उर्जा मन्त्रालय अन्तर्गतको विद्युत विकास विभागले अनुमतिपत्र जारी गर्ने र अधिशुल्क व्यवस्थापन गर्ने काम गर्दछ (विगतमा जलस्रोत मन्त्रालय अन्तर्गतको विद्युत विकास केन्द्रले यो काम गर्दथ्यो) । जारी गरिने अनुमतिपत्रका प्रकार निम्नानुसार छन् : सर्वेक्षण अनुमतिपत्र (५ वर्षलाई मान्य हुने), उत्पादन अनुमतिपत्र (३५ वर्षलाई मान्य हुने), प्रसारण तथा वितरण अनुमतिपत्र (दुवै २५ वर्षलाई मान्य हुने) ।

**विद्युत ऐन** (२०४९)**को दफा** ११ः

*११. रोयल्टी बुझाउनु पर्ने : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको पन्ध्र वर्षसम्म प्रति जडित किलोवाट वार्षिक एकसय रूपैयाँ र प्रति युनिट (किलोवाट घण्टा) सरदर विक्री मूल्यको २ प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टि बुझाउनु पर्नेछ ।*

*(२) उपदफा (१) मा उल्लिखित अवधि पछि अनुमतिपत्र प्राप्त व्यक्तिले प्रति जडित किलोवाट वार्षिक एकहजार रूपैयाँ र प्रति युनिट (किलोवाट घण्टा) सरदर विक्री मूल्यको १० प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्नेछ ।*

स्थानीय स्वायत्त शासन ऐन २०५५ (सन् १९९९) र स्थानीय स्वायत्त शासन नियमावलीले केन्द्रिय सरकारले आयोजनाबाट प्राप्त गरेको रोयल्टी शुल्कको १०% आयोजना अवस्थित जिल्लामा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ (इग्रे, २००७) । सन् २००४ मा, स्थानीय स्वायत्त शासन नियमावलीमा भएको दोस्रो संशोधनले रोयल्टीको उक्त दरलाई बढाएर १२% पुऱ्याएको थियो । यसका साथै उक्त संशोधनले केन्द्रिय सरकारले जलविद्युतबाट आएको रोयल्टी आम्दानीको अर्को ३८% उक्त आयोजना अवस्थित रहेको विकास क्षेत्रमा रहेका जिल्लाहरूमा खर्च गर्नुपर्ने प्रावधान पनि स्थापना गरेको छ । यसको अतिरिक्त, जलविद्युत नीति २०५८ ले रोयल्टीको १% जलविद्युत आयोजनाको पूर्वाधारले प्रत्यक्ष रूपमा प्रभाव पारेका गाउँ विकास समितिहरूमा ग्रामीण विद्युतीकरण अन्तरर्गत ती गाविससम्म बिजुली पुऱ्याउने उद्देश्यले प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ (इग्रे, २००७)।

सेर्निया (२००८)ले एकमुस्ट क्षतिपुर्तिले स्थानीय बासिन्दाको जीविकालाई पुनःस्थापना गर्न सक्दैन भनेर तर्क गर्दै एकमुस्ट क्षतिपूर्तिको विकल्पको रूपमा लाभ बाँडफाँडको संयन्त्रलाई प्रस्तुत गरेका छन् र साथमा यस संयन्त्रको कार्यान्वयन भएका विभिन्न देशहरू जस्तै जापान (आयोजनाको जीवनकालको लागि स्थानीयबाट जमिन भाडामा लिने), नर्वे (कर संयन्त्रबाट लाभ बाँडफाँड गर्ने), ब्राजिल (उर्जाको रोयल्टीका माध्यमबाट लाभ बाँडफाँड गर्ने) र क्यानडा (आदिवासी जनतासँग शेयर स्वामित्व बाँडने) का उदाहरणहरू पनि दिएका छन् ।

**ब्राजिलले** रोयल्टी वितरणको माध्यमबाट लाभ बाँडफाँड गर्दै आएको छ । सन् १९९८ मा ब्राजिलको संसदले जलविद्युतबाट प्राप्त रोयल्टीको केही प्रतिशत विस्थापित व्यक्तिहरूलाई पुनःस्थापना गरिएका क्षेत्रहरूमा पुनःलगानी गर्ने निर्णय गऱ्यो । ब्राजील संघीय राज्य भएको हुनाले, संघीय सरकारले कानून कार्यान्वयन गर्ने गर्दछ । उक्त नीतिगत निर्णय अनुसार सार्वजनिक जलविद्युत आयोजनाहरूबाट प्राप्त सम्पूर्ण रोयल्टीको ९०% राज्य र नगरपालिकाहरूलाई र केवल १०% संघीय निकायहरूलाई प्रदान गर्ने निर्णय भएको थियो (सेर्निया, २००८) ।

नेपालमा पनि समान प्रावधान विद्यमान रहेको र ब्राजिलको हकमा समान संयन्त्रले काम गरेको अवस्थामा, नेपालमा स्थानीय बासिन्दाहरुको मागहरू आउनु र आयोजनामा अवरोध ल्याउनुले (यसबारेमा अर्को खण्डमा विस्तारमा चर्चा गरिएको छ) नेपालमा रोयल्टी वितरणको प्रभावकारिता निराशाजनक रहेको देखिन्छ । यो विशेषतः स्थानीय स्तरमा निर्वाचित अधिकारीहरूको अभावले गर्दा भएको पनि भन्न सकिन्छ ।

*विद्युत विकास विभागले आर्थिक वर्ष २०११/२०१२ मा उर्जा उत्पादकहरूबाट रु २.५४ अर्ब रोयल्टी उठाएको थियो । (...) "विद्युत विकास विभागको रोयल्टी वितरण संयन्त्रमा समस्या छ", स्वतन्त्र उर्जा उत्पादक संघ नेपालका एक अधिकारीले नाम नखुलाउने शर्तमा भन्नुभयो । रोयल्टी वितरण प्रक्रिया सुस्त र अप्रभावकारी छ । "यसले स्थानीय बासिन्दालाई क्रोधित तुल्याएको छ", उहाँले भन्नुभयो । (नेपाल उर्जा मञ्च, २०१३) ।*

अर्कातिर भने पूर्वाधार, शेयर स्वामित्वको माग राख्ने प्रचलन घट्ने कुनै सङ्केत देखिएको छैन । यसले लाभ बाँडफाँडको एउटा विस्तृत नीतिगत खाकाको खाँचो रहेको इंगित गर्दछ । उक्त विस्तृत नीतिगत खाकाले लाभ बाँडफाँडको सीमा र आधारलाई स्पष्ट रूपमा व्याख्या गर्दै आयोजनाको आकार, बजेट, लगानीको स्रोत तथा सम्भाव्यता जस्ता कुरालाई मध्यनजर गरी स्पष्ट मार्गनिर्देशन गर्न आवश्यक छ । त्यसैगरी, स्थानीय समुदायहरू सम्म पुगेको लाभ सुनिश्चित गर्न एउटा स्पष्ट वितरण संयन्त्रको पनि आवश्यकता छ ताकी कानूनले तोके अनुसारको लाभ स्थानीय समुदायलाई बुझाइसकेपछि निर्माताले थप अवरोधको सामना गर्नु नपरोस् ।

# ४. स्थानीय बासिन्दाको माग र आयोजनाहरुमा अवरोध

स्थानीय समुदायहरूले जलविद्युत निर्माताहरूमा स्थानीय सरकारले गर्ने विकासमूलक कामको अभिभारा स्थानान्तरण गर्नु अर्थात साधारणतया स्थानीय सरकारहरूले प्रदान गर्ने आधारभूत पूर्वाधार, स्वास्थ्य तथा शिक्षाको सेवाहरू जलविद्युत निर्माताहरूबाट अपेक्षा गर्नु स्थानीयहरूको माग बढ्नु पछाडिको मुख्य कारण हो । स्थानीय सरकार आधारभूत सेवा दिनबाट मात्र नभई सुरक्षा प्रदान गर्नबाट पनि चुकिरहेको छ । सशक्त स्थानीय सरकारको अभावले स्थानीय बासिन्दाहरूलाई समूहमा एकीकृत हुन र आफ्नो माग पूरा नहुन्जेल जलविद्युत आयोजनाको निर्माण वा संचालनमा अवरोध गर्न प्रोत्साहन मिलेको छ ।

विरोध गर्ने र अवरोध ल्याउने तरिकाहरूमा स्थानीय संघर्ष समिति निर्माण गर्ने, कामदारको हड्ताल आयोजना गर्ने, सम्पत्ति तोडफोड गर्ने, सडक अवरुद्ध गर्ने, आयोजनाको सामान बोक्ने सवारीसाधनलाई रोक्ने, र स्थानीय जनता तथा राजनीतिक नेताहरूबाट अन्य अवरोध सिर्जना गर्ने कार्यहरू पर्दछन् । जलविद्युत आयोजना निर्माण तथा सञ्चालनमा अवरोध खडा गर्ने मुख्य ५ समूहहरू को-को हुन भन्ने हाम्रो प्रश्नको जवाफमा निर्माताहरूले निम्न जवाफ दिएका थिए :

- स्थानीय जनता
- स्थानीय जनमत निर्माणकर्ता/स्थानीय संघर्ष समिति/बारम्बार दल परिवर्तन गर्ने स्थानीय युवा
- ***राजनीतिक नेता तथा उनीहरूका कार्यकर्ता***
- गुण्डाहरू (ठेक्का प्राप्त गर्नका लागि)/स्थानीय डन/बदमाशहरू
- कर्मचारी/ठेकेदारहरू

आयोजनाहरूले बारम्बार अवरोध सामना गर्नुमा स्थानीय राजनीतिको पनि ठूलो भूमिका रहेको हुन्छ । स्थानीयलाई आयोजना अवरुद्ध पार्न उक्साउन र आयोजनाबाट पूर्वाधार वा शेयर स्वामित्वको माग गर्न लगाउन राजनीतिज्ञहरूलाई उत्प्रेरणा हुन्छ । यस्तो स्थानीय विरोधमा समर्थन जनाउनु राजनीतिज्ञहरूका लागि स्थानीय तहमा भोट प्राप्त गर्ने एक तरिका हो । यसो गरेमा पछि चुनावको समयमा राजनीतिज्ञहरूले समुदायमा भएको 'विकास' उनीहरूको राजनीतिक समर्थनका कारणले भएको भनेर दावी गर्ने मौका पाउँछन् ।

*जलविद्युत आयोजनाहरूलाई काम गर्नबाट रोकेर ती आयोजनाहरूबाट शेयर वा करार हत्याउने अभियानको अग्रस्थानमा सरकारमा रहेका दलका स्थानीय राजनीतिक नेता तथा कार्यकर्ताहरू नै रहेका छन् । राजनीतिक दलका सदस्यहरूले ४५ मेगावाटको भोटेकोशी जलविद्युत आयोजनाबाट सेयर र १०२ मेगावाटको मध्य भोटेकोशी जलविद्युत आयोजनाबाट आपूर्तिको ठेक्का माग गरिरहेका छन् । त्यसैगरी, ५० मेगावाटको माथिल्लो बलेफी, २२ मेगावाटको माथिल्लो चाकु र ३.२ मेगावाटको गेलु खोला जलविद्युत आयोजनाहरूले पनि समान किसिमका समस्याहरूको सामना गर्नुपरेको छ (द काठमाडौं पोष्ट, २०१४) ।*

*त्यसैगरी, आयोजनामा शेयर स्वामित्व माग्दै स्थानीयहरूले प्रसारण लाइन टावरको पुनःस्थापना कार्यमा अवरोध पुर्‍याएपछि ४५ मेगावाटको भोटेकोशी जलविद्युत आयोजनाको विद्युत उत्पादन कार्य रोकिएको छ । उक्त आयोजनाले दैनिक ८६ लाख बराबरको घाटा बेहोरिरहेको छ (द काठमाडौं पोष्ट, २०१४) ।*

अन्य अवरोधका तथा मागका उदाहरणहरू तालिका २ मा प्रस्तुत गरिएका छन् । तालिका २ मा प्रस्तुत गरिएका उदाहरणहरूबाट के स्पष्ट हुन्छ भने सबै आकारका आयोजनाहरूले एउटै समस्या भोगिरहेका छन् : स्थानीयका मागहरू र तिनको परिपूर्ति नहुँदासम्म आयोजना निर्माण तथा सञ्चालनमा अवरोध । यी सबै कुराले निर्माणकर्ताहरूको लागत बढाउने काम गर्दछन् ।

तालिका २ : नेपालमा स्थगित भएका जलविद्युत आयोजनाहरू

| **आयोजनाको नाम** | **क्षमता** | **आयोजना स्थगन हुनुको कारण तथा स्थानीय बासिन्दाको माग** |
|---|---|---|
| पश्चिम सेती | ७५० मेगावाट | स्थानीय बासिन्दाबाट विरोध |
| माथिल्लो त्रिशुली ३क | ९० मेगावाट | जग्गा अधिग्रहण, वन फँडानी, आदिमा समस्या । स्थानीय बासिन्दाबाट विरोध । आयोजना स्वास्थ्य, शिक्षा र सडकमा काम गर्न तयार छ । स्थानीय बासिन्दाले आयोजनाले १२ वटा क्षेत्रमा काम गर्नुपर्ने र आयोजनाले वित्तपोषण गरेका ती कार्यको कोष/दायित्वको नियन्त्रण गर्ने जिम्मा उनीहरूलाई दिनुपर्ने माग राखिरहेका छन् । |
| माथिल्लो तामाकोशी | ४५६ मेगावाट | कामदारको अवरोध, कम्पनीले दिन चाहेको १०% शेयर स्वामीत्वलाई अपुग मान्दै स्थानीय बासिन्दाबाट थप माग |
| मध्य भोटे-कोशी | १०२ मेगावाट | आयोजनाले पर्यटनलाई बर्बाद पार्नेछ भन्ने भनाइ । स्थानीय नेताहरूले स्थानीय ठेकेदारहरुलाई पेट्रोलियम पदार्थ आपूर्ति गर्ने करार प्रदान नगरेको भन्दै आयोजनालाई पेट्रोलियम पदार्थ आपूर्ति गर्ने ट्यांकरलाई तोडफोड |
| तनहुँ विद्युत आयोजना | १४० मेगावाट | स्थानीय बासिन्दाबाट सडक, खानेपानी र व्यवस्थापनको माग |
| पूर्वाञ्चल जलविद्युत आयोजना | | स्थानीय बासिन्दाबाट पूर्वाधार र १० प्रतिशत शेयर स्वामीत्वको मागका कारण अवरोध |

| | | |
|---|---|---|
| खिम्ती जलविद्युत | ६० मेगावाट | स्थानीयले शेयरको माग गरेका (आयोजनाले विद्यालय/सिंचाइ/विद्युत आदि कुराहरू स्थानीय समुदायलाई प्रदान गरिसकेको) |
| नौग्रगढ जलविद्युत | ८.५ मेगावाट | स्थानीयहरूले क्षतिपूर्तिको माग गर्दै राष्ट्रिय ग्रीडमा जोडिने प्रसारण लाइनको निर्माणलाई अवरुद्ध पारेका छन् |
| माथिल्लो भोटे काशी/भोटेकोशी | ४५ मेगावाट | स्थानीय बासिन्दाको माग/प्रतिरोध (६ प्रतिशत शेयर स्वामीत्व दिने सम्झौता भएको छ) |
| माथिल्लो मादी आयोजना | २५ मेगावाट | स्थानीय कामदारहरुबाट अन्तर्राष्ट्रिय श्रम संगठनको नियमअनुरुप ज्यालाको माग/गाँउलेहरूको अन्य मागहरू पनि |
| माथिल्लो मर्स्याङ्दी | ५० मेगावाट | स्थानीय कामदार र ठेकेदारबीचको विवाद |
| लहरे खोला | ४.२ मेगावाट | आयोजनाले क्षतिपूर्ति प्रदान गरे पश्चात पनि स्थानीय बासिन्दाहरूबाट १० प्रतिशत शेयर स्वामीत्वको माग तथा अन्य मागहरू |
| चिलिमे | २२ मेगावाट | स्थानीय जनताबाट शेयर स्वामीत्व माग |
| द्रारी खोला | ३.७५ मेगावाट | आयोजनाले क्षतिपूर्ति प्रदान गरे पश्चात पनि स्थानीय बासिन्दाहरूबाट १० प्रतिशत शेयर स्वामीत्वको माग तथा अन्य मागहरू |
| खिम्दी ढल्केबर प्रसारण लाइन | | स्थानीय जनताबाट जग्गाको उच्च क्षतिपूर्तिको माग गरी निर्माण दुई वर्षसम्म ठप्प |

*स्रोतः nepalenergyforum.com र विभिन्न पत्रपत्रिका लगायतका अन्य स्रोतहरूबाट लेखकले गरेको संकलन ।*

**हामीले निर्माणकर्ताहरूलाई उनीहरूको आयोजनामा हुने अवरोध वा विरोधका पाँच कारणहरूलाई श्रेणीबद्ध गर्नका लागि आग्रह गरेका थियौं । प्रस्तुत गरिएका बुँदाहरू प्रथम श्रेणीमा रहेका कारणहरू हुन् ।**

- निजी तथा सार्वजनिक जग्गाका लागि क्षतिपूर्ति/स्थानान्तरण तथा क्षतिपूर्ति
- रुखहरू काट्ने/ वातावरणीय क्षति
- प्रसारण लाइनको लागि प्राथमिक अधिकार (Right of way)
- स्थानीय राजनीति
- लाभ बाँडफाँडका मुद्दाहरू तथा अव्यवहारिक अपेक्षा
- स्थानीय बासिन्दाको न्यून जीवनस्तर तथा सम्पत्ति आर्जनका वैकल्पिक उपायहरूको अभाव

तालिका २ मा प्रस्तुत गरिएका उदाहरणहरू र आगामी खण्डमा छलफल गरिने आयोजनाहरूको हकमा विभिन्न आयोजनाहरूले स्थानीय बासिन्दाहरूलाई विभिन्न प्रकारका लाभको बाँडफाँडका प्याकेजहरू प्रदान गरेका छन् भन्ने प्रष्ट्याँउछ । खिम्ती र भोटेकोशीको उदाहरणले आयोजना सञ्चालन भएको वर्षौं पछि पनि माग आउन सक्छन् भन्ने उदाहरण प्रस्तुत गर्दछ भने, विशेषगरी खिम्तीको उदाहरणमा आयोजनाको निर्माणको क्रममा स्थानीयहरूलाई लाभको बाँडफाँड गरे पश्चात पनि अझ धेरै कुराको माग आँउछ भन्ने देखाउँदछ । अनुमान गर्न सकिने नियमनकारी वातावरणको अभावमा निर्माणकर्ताहरूले लाभको बाँडफाँडका लागि बजेट छुट्याउन सकेका छैनन् । तसर्थ, उनीहरू आफ्ना आयोजनाको मुनाफा दर प्रति अनिश्चित रहेका छन् । यस्तो प्रकारको प्रणालीले जलविद्युतको क्षेत्रमा थप निजी लगानीलाई हतोत्साही बनाउने सम्भावना हुन्छ ।

### लाभ बाँडफाँडका जटिलताहरू – नेपालका केही उदाहरणहरू

यूनाइटेड मिसन टू नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सन् १९८२मा निर्माण सुरु भएको बुटवल पावर कम्पनीले **आँधीखोला जलविद्युत आयोजनाको** निर्माण गरी सन् १९९१ देखि व्यापारिक रूपमा सञ्चालनमा ल्याएको थियो । सुरुवातमा ५.१ मेगावाटको रहेको यस आयोजना पछि ९.४ मेगावाटसम्मको

क्षमतामा अभिवृद्धि गरियो । यस आयोजनाले ३३० हेक्टर जमिनका लागि सिंचाइ उपलब्ध गराएको छ । यस सिंचाइले किसानहरूलाई वर्षमा तीनवटा सम्म बाली लगाउन सक्षम बनाएको छ । यस आयोजनाले समुदायमा विद्युत पनि उपलब्ध गराएको छ : स्याङ्जाका २९ गाविस, पाल्पाका १० गाविस र वालिङ्ग नगरपालिका यसका लाभार्थिहरू हुन् । विद्युत र सिंचाइका अलावा, यस आयोजनाले नयाँ अस्पताललाई आर्थिक सहयोग गरेको छ भने एउटा सडक, एउटा मन्दिर र एउटा पुललाई पनि आर्थिक रूपमा सहयोग गरेको छ। विभिन्न सीपमूलक तालिम प्रदान गरेको यस आयोजनाले सामाजिक उत्तरदायित्व अन्तर्गत वार्षिक रूपमा दस लाख रूपैंया छुट्याएको छ। यस आयोजनाले समुदायसँग यस्ता पूर्वाधार तथा सेवाहरू मार्फत लाभको बाँडफाँड गरेको भएता पनि, यस आयोजनाले निर्माण भएका पूर्वाधारको मर्मत सम्भार गर्नु पर्ने लगायतका अन्य थप मागहरूको पनि सामना गरिरहेको छ ।

सन् २००१ मा निर्माण सम्पन्न भएको **खिम्ती जलविद्युत आयोजना** नर्वेली कम्पनीहरूको साझेदारीमा निर्माण भएको एक ६० मेगावाटको रन-अफ-रिभर आयोजना हो । लाभ बाँडफाँड अन्तर्गत यस आयोजनाले स्थानीय विकासलाई आर्थिक सहयोग तथा सर्मथन गर्न खिम्ती ग्रामीण विद्युत सहकारीको स्वामित्व, सञ्चालन तथा व्यवस्थापनमा ६३५ र ४०० किलोवाटका दुईवटा लघु जलविद्युत आयोजनाहरुद्वारा ९००० घरधुरीमा बिजुली प्रदान गरेको छ। यस आयोजनाले स्वास्थ्य, शिक्षा तथा सिंचाइका कार्यक्रमहरूलाई पनि आर्थिक सहयोग प्रदान गरेको छ। आयोजनाले लाभ प्रदान गर्दा गर्दै पनि, हालसालै स्थानीय जनताहरूले खिम्ती आयोजनामा शेयर स्वामीत्व माग गरेका छन् । भोटेकोशी आयोजनमा स्थानीयहरूले शेयर स्वामीत्व माग गरेको अभियानबाट खिम्ती आयोजनाका स्थानीयहरू प्रभावित भएका हुन् (इकान्तिपुर, २०१४) ।

***माथिल्लो भोटेकोशी जलविद्युत आयोजना :*** भोटेकोशी पावर कम्पनी प्रा.लि.ले सञ्चालनको १३ वर्ष पछि स्थानीय जनतालाई माथिल्लो भोटेकोशी जलविद्युत आयोजनाको ६ प्रतिशत शेयर दिने निर्णय गऱ्यो । यो ४५ मेगावाटको आयोजना नेपाल र संयुक्त राज्य अमेरिकाको कम्पनीहरूको साझेदारीमा विदेशी मेजोरिटी लागानी ९ करोड अमेरिकी डलरको रहेको थियो । यस आयोजनाले सन्

२०११ देखि विद्युत उत्पादन थालेको थियो । प्रसारण लाइनको निर्माणमा स्थानीय राजनीतिक नेताहरूले अवरोध गरेपछि यस कम्पनीले उक्त शेयर प्रदान गर्नेमा समझदारी गरेको थियो (माइरिपब्लिका, २०१४) ।

के स्थानीय बासिन्दाहरूले मात्रै समस्या निम्त्याएका हुन त ? हाम्रो सर्वेक्षणमा सहभागी भएका एक सहभागीको उत्तर तल प्रस्तुत गरिएको छ । यो उत्तर हाम्रो नमूनामा सहभागी सानो जलविद्युत आयोजना निर्माणकर्ताको हो ।

*यस आयोजनाको लाभको बाँडफाँडको मुद्दामा एक सबैभन्दा दुखदायी पक्ष भनेको आयको केही प्रतिशत जलस्रोतको व्यवस्थापनका लागि जिल्ला वन कार्यालयलाई दिने शर्त थियो । आयोजनाहरूले कर तथा रोयल्टी भुक्तानी गरिरहेको बेला वन विभाग, स्वास्थ्य केन्द्र जस्ता सरकारी कार्यलयहरुले आयको केही शेयर स्वामित्व माग गर्नु वास्तविक रूपमा एक लाजमर्दो कुरा हो । यहाँ एउटा कुरा विचार गर्नु महत्वपूर्ण छ कि शर्तहरु न्यायसंगत नहुँदा पनि वन विभागसँग सम्झौता गर्नु सिवाय आयोजना सञ्चालन गर्नका खातिर विकासकर्तासँग अन्य कुनै विकल्प थिएन ।*

*हाम्रो अनुभवमा, स्थानीय जनताहरूसँग लाभको बाँडफाँड गर्ने मामिलालाई सौहार्दपूर्ण वातावारणमा इमानदार, न्यायिक तथा खुला छलफलबाट टुंगो लगाउन सकिन्छ । सबैभन्दा ठूलो समस्या भनेको वन, प्रहरी, सरकारी विद्यालय, स्वास्थ्य केन्द्र, गाविस जस्ता सरकारी निकायहरूले निहुँ खोज्नु र आयको हिस्सा वा उपहार माग्नु हो ।*

## ५. हालको वातावरणमा लाभको बाँडफाँडको लागत

हालको जस्तो अनिश्चित व्यवसायिक वातावरणमा लाभको बाँडफाँडको लागतको अनुमान गर्नका लागि यस अध्ययनमा प्रयोग गरिएको पद्धति व्यवसाय गर्नका लागि नियामक प्रक्रियाहरुको अनुपालनको लागत गणना गर्ने पद्धतिजस्तै हुन जान्छ (उदाहरणका लागि युज अफ सर्भे अफ पोलुसन-अबेटमेन्ट कस्ट एण्ड एक्सपेन्डिचर, जोशी तथा क्रिस्नन् (२००१) हेर्नुहोस्) । यस अध्ययनमा प्रयोग गरिएको विधिमा भएको भिन्नता भनेको यस अध्ययनले स्पष्ट र लागु हुने नियमनकारी ढाँचाको अभावको लागत अनुमान गरिरहेको छ । स्पष्ट नियमनकारी ढाँचाको अभावको लागत नै स्थानीयहरूको मागलाई सम्बोधन गर्नका लागि नेपालमा भएका जलविद्युत आयोजनाका निर्माणकर्ताहरू उपर थुपारिएको लाभको बाँडफाँडसँग सम्बन्धित लागत हो । यस्ता लागतहरूमा स्थानीयहरूको माग (जस्तै : सडक, विद्यालय, शेयर, आदि) पुरा गर्ने र स्थानीयहरूले बारम्बार गरिरहने अवरोध तथा प्रतिरोधहरूको सामना गर्ने लागत पर्दछन् । यस्ता अवरोधहरूले आयोजनाको निर्माण सम्पन्न हुने मितिलाई पछि धकेल्छ, जसले गर्दा निर्माण समयमा नै सम्पन्न भइदिएको भए आउने आय गुमाउनु पर्ने अवस्था आई नोक्सानी हुन जान्छ ।

**निर्माणकर्ताको लागत = लाभको बाँडफाँडको प्रत्यक्ष लागत + अबरुद्ध भए पश्चात पुनः परिचालन गर्न लाग्ने लागत + आयोजनाको निर्माण ढिला हुँदा गुम्ने आय**

माथिको समिकरणमा, आयोजनाको निर्माण ढिला हुँदा गुम्ने आयलाई देहाय बमोजिम गणना गरिन्छ :

**आयोजनाको निर्माण ढिला हुँदा गुम्ने आय = लाभको बाँडफाँडको मामिलाले हुने अवरोधको समयावधि X औसत अपेक्षित वा वास्तविक आय**

अवरोध पश्चात पुनः परिचालनमा आउनको लागि लाग्ने लागत सर्वेक्षणमा प्राप्त जानकारीमा निर्भर रहन्छ। हाम्रो नमूनामा, अवरोध भए पश्चात कार्यतालिका अनुसार काम गर्नका लागि लाग्ने पुनः परिचालनको लागतको जानकारी केही साना आयोजनाहरूले मात्रै प्रदान गरेका थिए।

## लाभको बाँडफाँडको अनुमानित लागत

तालिका ३ ले आयोजना निर्माण सम्पन्न हुन लाग्ने औसत समयावधि र प्रति आयोजना प्रति मेगावाटको औसत लागतलाई सारांशमा प्रस्तुत गर्दछ। मध्यम जलविद्युत आयोजना निर्माण गर्ने प्रति मेगावाट औसत लागत र औसत समयावधि प्रायः साना जलविद्युत आयोजनाको प्रति मेगावाट औसत लागत र औसत समयावधिको लगभग दोब्बर हुने गर्दछ। लाभको बाँडफाँडको लागतलाई प्रति मेगावाटको औसत लागतको प्रतिशतको रूपमा आउने अनुच्छेदहरुमा प्रस्तुत गरिने छ।

तालिका ३ : आयोजना निर्माण सम्पन्न गर्ने औसत समायावधि र लागत (रुपैँयामा)

| आयोजनाको प्रकार | प्रति मेगावाट औसत लागत | औसत समयावधि |
|---|---|---|
| साना (१० मेगावाट भन्दा कम) | १३.००३ करोड | २ वर्ष २ महिना |
| मध्यम (२० देखि ६० मेगावाट) | २२.६ करोड | ४ वर्ष |

माथि नै उल्लेख गरेझैँ, लाभ बाँडफाँडको लागतमा, समुदायले माग गरे अनुसारको पूर्वाधार निर्माण गर्नका लागि चाहिने प्रत्यक्ष लागत तथा समुदायका लागि विद्युत, रोजगारी तथा समुदाय विकास कोष आदि प्रदान गर्ने प्रत्यक्ष लागत समावेश हुन्छ। सर्वेक्षणमा प्राप्त जानकारी अनुसार, समस्या समाधान गर्नका लागि लाग्ने लागत लाभ बाँडफाँडको लागतमा समावेश हुने कि नहुने भन्ने विषयमा स्पष्ट छैन। यद्यपि, सर्वेक्षणमा लाभ बाँडफाँडको प्रत्यक्ष लागतबारेका प्रश्नहरूमा उनीहरूलाई के प्रदान गरिएको छ (जस्तै : विद्यालय, सडक, मन्दिर, आदि) भनेर सोधिएको थियो। तसर्थ, यस रकमले लाभ बाँडफाँडको लागतलाई प्रतिनिधित्व गर्ने उच्च सम्भावना छ।

यी लागतका अलावा, लाभको बाँडफाँडको लागतमा आयोजना ठप्प हुँदा आयोजनाले बेहोर्नु पर्ने नोक्सानी पनि समावेश हुन्छ । यसो हुनुको कारण यदि आयोजना अबरुद्ध नभइकन चाँडै सम्पन्न भएको खण्डमा, आयोजना सञ्चालनमा आउने थियो र आय आर्जन हुन्थ्यो भन्ने हो । अवरोधका कारण आयोजनाको निर्माण पछाडि धकेलिन्छ र सञ्चालनमा आउनमा ढिलाइ हुन्छ। तसर्थ, सम्भावित आयमा हुने नोक्सानीलाई पनि लाभको बाँडफाँडको लागतको रूपमा लिइन्छ। तालिका ४ ले यिनै पक्षहरुलाई मध्यनजर गरी हाम्रो सर्वेक्षणका १०वटा नमूनाका आधारमा लाभको बाँडफाँडको लागतको सारांश गरेको छ। यसमा सबै भन्दा विचारणीय कुरा भनेको निजी निर्माणकर्ताहरूको लागि यो सरकारलाई तिर्ने रोयल्टीपछिको थप लागत हो ।

तालिका ४ : लाभ बाँडफाँडको प्रत्यक्ष लागत[2] र आयको नोक्सानी[3]
(१०) वटा सर्वेक्षणका नमूनामा) (सबै रकम ने.रु.मा)

| **आयोजनाको प्रकार** | **लाभ बाँडफाँडको औसत प्रत्यक्ष लागत (क)** | **औसत प्रत्यक्ष लागत (प्रति मेगावाट औसत लागतको प्रतिशतमा)** | **गुमाइएको औसत आय (ख)** | **औसत गुमाइएको आय (प्रति मेगावाट औसत लागतको प्रतिशतमा)** | **पुनः परिचालनको लागत (ग)** | **जम्मा (क+ख+ग)** |
|---|---|---|---|---|---|---|
| साना (१० मेगावाट भन्दा कम) | ४९.६ लाख | ३.८०% | १.७६१ करोड | १३.८४% | ६७.२ लाख | २.९२९ करोड |
| मध्यम (२० देखि ६० मेगावाट) | १.८ करोड | ७.९६% | १६.६०४ करोड | ७३.४६% | अनुपलब्ध | १८.४०४ करोड |

२ आयोजनाहरूले आफ्नो जीवनकालसम्मका लागि प्रत्येक वर्ष केही निीश्चत रकम सामाजिक उत्तरदायित्वको रुपमा पनि विकास समितिका नाममा छुट्याउने वाचा गरेका छन् । तर आयोजना भएका स्थानहरूको विकाससँग सम्बद्ध गतिविधिहरूमा उक्त रकम वास्तविक रुपमा खर्च हुन्छ भन्ने सुनिश्चितता छैन । साना आयोजनाहरूका लागि यसरी छुट्याइने रकम २ देखि ५ लाखसम्म हुने गर्दछ । त्यसैगरी, मध्यम आयोजनाहरूका लागि यो रकम १८ लाख रुपैँया हुन आउँछ । सर्वेक्षणमा सहभागी भएका सहभागीहरुले दिएका जानकारीअनुसार, समस्याको सामना गर्नका लागि लाग्ने लागतलाई यस गणनामा समावेश गर्न सकिने कुरामा निश्चित हुन सम्भव हुँदैन, किनभने एक सहभागीले मात्रै उक्त रकमलाई प्रत्यक्ष लागतको रुपमा व्याख्या गरेका छन् ।

३ यो भिन्नता औसत मासिक आयको भिन्नताको रुपमा आँउछ, बन्द भएको दिनको भिन्नताको रुपमा होइन ।

लाभको बाँडफाँडको लागतको सन्दर्भमा आयोजनामा आउने अवरोधले गर्दा आयोजनाले गुमाउने आय प्रत्यक्ष लागत भन्दा बढी हुन्छ । औसत आयलाई (साना आयोजनाका लागि एउटा औसत तथा मध्यम आयका लागि अर्को औसत) अबरुद्ध भएको दिनहरूसँग गुणन गरेर गुमाइएको आयको गणना गरिन्छ । आयोजनाको आकार जस्तोसुकै भएता पनि अबरुद्ध भएका दिनहरूको औसतलाई गणना गरेर निकालिएको छ ।

हाम्रो नमूनाले समेटेका आयोजनाहरूमा, औसत रूपमा आयोजनाहरू १.१२ महिनाका लागि अवरुद्ध भएका थिए । सर्वेक्षणका प्रश्नहरूले लाभ बाँडफाँडसँग सम्बन्धित मामिलाका कारण अवरुद्ध भएका दिनहरूलाई अन्य कारणले अवरुद्ध भएका दिनबाट छुट्याउन आग्रह गरेको भए पनि उत्तरहरूले उक्त कुरा स्पष्ट गर्न सकेनन् । तसर्थ, गुमाइएको आयको अनुमान र अवरुद्ध भएपश्चात पुनः परिचालनका लागि लाग्ने लागतको लागि औसत अवरुद्ध भएको समयलाई लाभको बाँडफाँडसँग सम्बन्धित भएको अनुमान गरिएको छ । यो अनुमानको सीमितता हो । साना आयोजनाहरूको प्रत्यक्ष लागत भन्दा गुमाइएको आय लगभग तीन गुणा हुन आउँछ । मध्यम आयोजनाहरूका हकमा, प्रत्यक्ष लागत भन्दा गुमाइएको आय लगभग नौ गुणा हुन आउँछ ।

प्रत्यक्ष लागत र गुमाइएको आयका अतिरिक्त, लाभको बाँडफाँडसँग सम्बन्धित अर्को पक्ष पनि रहेको छ, जुन अवरुद्ध भए पश्चात पुरानै गतिमा आउनका लागि आवश्यक पर्ने पुनः परिचालनको लागत हो । आयोजना समयमा नै सम्पन्न गर्नका लागि, औसत भन्दा अझ धेरै कामदार तथा पूँजी दैनिक सञ्चालनको लागि आवश्यक पर्दछ । तसर्थ, यस जानकारीलाई साना आयोजनाका लागि प्रयोग गर्दा, सर्वेक्षणका दौरान उपलब्ध भएका जानकारीको आधारमा साना आयोजनाहरूका लागि मासिक सञ्चालन लागत २० लाख रूपैंया आएको थियो । तसर्थ, लाभ बाँडफाँडले गर्दा १.१२ महिना (सर्वेक्षणमा लिइएका नमूनाहरूमा अवरोध भएको समयको औसत) सम्म काम अवरुद्ध भएका कारण पर्न आउने अतिरिक्त लागत हाम्रो नमूनमा भएका साना आयोजनाहरूका लागि ६७.२ लाख हुन आउँछ ।

हाम्रो सर्वेक्षणमा सामिल मध्यम आयोजनाहरूको सञ्चालन लागत वा पुनः परिचालन लागतका बारेमा जानकरी सर्वेक्षणबाट आएको छैन । यो रकम लाभको बाँडफाँडको प्रत्यक्ष लागत भन्दा बढी हुन्छ । जब गुमाइएको आय र पुनः परिचालनको प्रत्यक्ष लागतको हिसाब गरिन्छ, यो रकम लाभको बाँडफाँडको प्रत्यक्ष लागत भन्दा धेरै नै उच्च हुन आउँछ । साना तथा मध्यम दुवै आयोजनाका लागि जब गुमाइएको आय र पुनः परिचालनको रकमको हिसाब गरिन्छ, लाभको बाँडफाँडको लागत आर्थिक सम्भाव्यता भन्दा धेरै नै उच्च हुन आउछ । सर्वेक्षणका आधारमा हामीले गरेको अनुमानअनुसार, साना आयोजनाहरूका लागि लाभको बाँडफाँडको कूल लागत २.२९२ करोड हुन आउँछ, जबकी लाभको बाँडफाँडमा खर्च गर्नका लागि सम्भाव्य रकम (साना आयोजनाहरूको कूल लागतको आधारमा) १ करोड रूपैँया हो । मध्यम आयोजनाहरूका लागि, लाभको बाँडफाँडको कूल लागत १८.४०४ करोड हुन आउँछ जसमा पुनः परिचालनको लागत समावेश गरिएको छैन यो सम्भाव्य रकम (जसको बारेमा आगामी अध्यायमा चर्चा गरिएको छ) ५ करोड भन्दा उच्च रहेको छ ।

# ६. आर्थिक सम्भाव्यता

निजी निर्माणकर्ताहरूलाई लाभको बाँडफाँडका लागि आयोजनाको लागतको कति प्रतिशत सम्म प्रदान गर्न आर्थिक रूपले सम्भाव्य हुन्छ भनेर सोध्दा, सर्वेक्षणमा निम्न निष्कर्ष निस्किएको थियो :

साना आयोजनाहरू (१० मेगावाट वा सो भन्दा कम मेगावाटका आयोजनाको) हकमा, आयोजनाको कूल लागतको २ प्रतिशत रकम आर्थिक रूपमा सम्भाव्य भनिएको थियो भने मध्यम आयोजना (२० देखि ६० मेगावाट)को हकमा आयोजनाको कूल लागतको ०.५ प्रतिशत भनिएको थियो। केही सहभागीहरूले यस प्रश्नको उत्तर भिन्न तरिकाले दिएका थिए। उदाहरणका लागि, लाभको बाँडफाँडका लागि खर्च गर्न प्रति मेगावाट ५०,००० देखि प्रति मेगावाट २,००,००० सम्म (आयोजनाको आकारमा निर्भर रहदै) आर्थिक रूपमा सम्भाव्य हुने भनिएको थियो।

तलिका ५ : आर्थिक सम्भाव्यता तथा लाभको बाँडफाँडको कुल लागत

| **आयोजनाको प्रकार** | **बजेटको प्रतिशतको रूपमा सम्भाव्य रकम** | **सम्भाव्य रकम[4]** | **लाभको बाँडफाँडको कूल लागत** |
|---|---|---|---|
| साना (१० मेगावाट भन्दा कम) | २ % | १ करोड | २.९२९ करोड |
| मध्यम (२० देखि ६० मेगावाट) | ०.५ % | ५ करोड | १८.४०४ करोड |

४ यस रकमलाई आयोजनाको कूल बजेटको प्रतिशतमा गणना गरिएको छ। साना आयोजनाहरूका लागि, बजेट ने.रु. ५० करोड थियो भने, मध्यम आयोजनाका लागि बजेट ने.रु. १० अर्ब रहेको थियो।

औसत आम्दानी, औसत सञ्चालनको लागत र आयोजनाको औसत प्रत्यक्ष लागत उही नै रहँदा पनि आयोजनाको विशेष कूल लागत र अवरुद्ध हुने औसत समय फेरबदल भएमा माथि गरिएका दुवै गणनाहरूमा सम्भाव्य रकम र लाभको बाँडफाँडको कूल लागत फेरबदल हुन सक्छ भन्ने कुरा मनन् गर्नु महत्वपूर्ण हुन्छ ।

अनुमानित प्रत्यक्ष लागत, गुम्ने आय र पुनः परिचालनको लागत भन्दा बाहेक अतिरिक्त लागतहरू पनि रहेका छन् । स्पष्ट निमयको अभाव भई स्थानीय बासिन्दाहरूको अवरोधका कारण आयोजनाहरू पूरा नहुने स्थिति आई लगानीकर्ताहरू जलविद्युत क्षेत्रमा लगानी गर्न नै नरुचाउने अवस्था आउन सक्छ । यस लागतलाई यस शोधपत्रमा अनुमान गरिएको छैन, तर कुनै पनि क्षेत्र लगानीका लागि अनाकर्षक हुनु पनि एक ठूलो लागत हो ।

*३२ करोड लगानी गरे पश्चात एक भारतीय लगानीकर्ताले ५० मेगावाटको माथिल्लो बलेफी जलविद्युत आयोजना निर्माण नगर्ने निर्णय गऱ्यो । यस निर्णय स्थानीयहरूले गरेको धेरै अवरोधहरूको फलस्वरूप आएको हो (द काठमाण्डौं पोष्ट, २०१४) ।*

## ७. यस अनिश्चितताका लागि को जिम्मेवार छ?

यस सर्वेक्षणले आयोजनाहरूमा हुने ढिलाइ तथा अधिक लागतको लागि को जिम्मेवार छ भन्ने प्रश्न सोधी वैकल्पिक उत्तरहरुबाट छनौट गर्ने अवसर प्रदान गरेको थियो। प्रश्नहरूमा निम्न विकल्पहरू थिए : निर्माणकर्ता, ठेकेदार, सरकार, आदि । सर्वेक्षणमा सहभागी निर्माणकर्ताहरूको बुझाईको आधारमा समय र अधिक लागतको लागि यी प्रत्येक पक्ष कतिको जिम्मेवार छन् भनेर प्रतिशतमा अङ्कित गर्न लगाइएको थियो । यसो गर्दा कूल प्रतिशत १०० आउनु पर्ने थियो । यसबाट आयोजनामा समय र लागतको अधिक लगानीको लागि विभिन्न पक्षहरूको जिम्मेवारी निम्न अनुसार अगाडी आएको छ । नमूनाहरूको संख्याका आधारमा निकालिएको औसतका रूपमा निम्न नतिजालाई प्रस्तुत गरिएको छ ।

- निर्माणकर्ता : १९.८२%
- ठेकेदार : २३.०२%
- परामर्शकर्ता : ५.७६%
- व्यवस्थापन : १३.०५%
- सरकार : १२.५१%
- स्थानीय समुदाय : १६.८५%
- अन्य (सडकको अवस्था, आपूर्ति, राजनीतिक हस्तक्षेप, वित्तीय संस्थाहरू, आदि) : ८.९७%

जिम्मेवारी प्रतिशतमा छुट्याँउदा ठेकेदार तथा उनीहरूका गतिविधिहरूलाई समय र लागतको अधिकताका लागि मुख्य जिम्मेवार ठहर्‍याइएको थियो भने स्थानीय समुदाय र उनीहरूको माग र अवरोधहरू तेस्रो स्थानमा आएका थिए ।

## अन्य पक्षहरूको तुलनामा लाभ बाँडफाँड कहाँ पर्छ त ?

आयोजनाहरूमा समय र लागतको अधिकता निम्त्याउने अन्य पक्षहरुमध्ये लाभ बाँडफाँड कतिको गहन मुद्दा हो त भन्ने कुराको बारेमा अझ बुझ्नका लागि हामीले निर्माणकर्ताहरूलाई ती तत्वहरूलाई श्रेणीगत गर्न लगायौं । यो प्रश्नको उत्तर हालसालैको आयोजनाहरूमा उनीहरूको अनुभवको आधारमा वा नेपालमा एक निजी लगानीकर्ताका रूपमा जलविद्युत आयोजनाको निर्माण गर्ने उनीहरूको सामान्य अनुभवको आधारमा भर्न सकिन्थ्यो ।

हामीले निर्माणकर्ताहरूलाई सोधेको तत्ववहरूको सूची लामो रहेको छ । तसर्थ, यस शोधपत्रले निरन्तर रूपमा बारम्बारता तथा गम्भीरताका आधारमा उच्च स्थान हासिल गरेका तत्ववहरूलाई मात्रै सूचीकृत गरेको छ ।

(गम्भीरताको दर्जा : १ = एकदमै गम्भीर, २ = धेरै गम्भीर, ३ = मध्यम गम्भीर, ४ = हल्का गम्भीर र ५ = गम्भीर नभएको) ।

(बारम्बारताको दर्जा : १ = सधैँ, २ = प्रायः, ३ = कहिलेकाँही, ४ = आक्कल झुक्कल, र ५ = कहिल्यै नहुने) ।

**गम्भीरताका आधारमा निरन्तर रूपमा पहिलो स्थानका दर्जा दिइएका तत्वहरू निम्न अनुसार रहेका छन्ः**

- अव्यावहारिक करार अवधि
- ठेकेदारको कमजोर कार्यसम्पादन
- पूर्वानुमान नगरिएको वास्तविक अवस्था (ग्राउण्ड कण्डिसन)

- प्रसारण लाइनको अभाव
- विभिन्न पक्षहरू (राजनीतिक/व्यवस्थापन)बीचको समन्वय र सम्वाद
- पिपिए (उर्जा खरिद सम्झौता)
- श्रम अभाव र श्रम विवाद
- आकार र डिजाइनमा परिवर्तन

**बारम्बारताका आधारमा निरन्तर रूपमा पहिलो स्थानका दर्जा दिइएका तत्वहरू निम्न रहेका छन् :**

- अव्यावहारिक करार अवधि
- ठेकेदारको कमजोर कार्यसम्पादन
- विभिन्न पक्षहरू (राजनीतिक/व्यवस्थापन)बीचको समन्वय र सम्वाद
- पिपिए (उर्जा खरिद सम्झौता)
- श्रम अभाव र श्रम विवाद

*तसर्थ, यी पक्षहरूको तुलनामा लाभ बाँडफाँड कहाँ पर्छ त ?*

आयोजनाको समय र लागत बढाउने पक्षहरूमा, दुवै गम्भीरता तथा बारम्बारताका पक्षहरूमा लाभको बाँडफाँड निरन्तर रूपमा दोस्रो र तेस्रो श्रेणीमा आएको थियो । यसबाट के बुझिन आउछ भने, लाभको बाँडफाँड आयोजनाको समय र लागत बढाउने पहिलो दर्जामा आउने पक्ष नभएता पनि आयोजना निर्माणमा ढिलाइ गर्ने यो एक महत्वपूर्ण पक्ष हो र यो निर्माणकर्ताका लागि खर्चिलो हुन्छ ।

# ८. निष्कर्ष

सैद्धान्तिक रूपमा, लाभ बाँडफाँड समतामूलक ढंगले गरिनुपर्दछ भन्ने कुरामा संलग्न सबै सरोकारवालाहरू सहमत रहेका छन् । आफ्नो परियोजनाले प्रभाव पारेको क्षेत्रको विकासमा योगदान गर्न निर्माताहरू इच्छुक रहेका छन् । यद्यपि, स्पष्ट र लागु गर्न सकिने किसिमको नियामक खाकाको अभावको कारण निर्माताहरूले परियोजनामा अतिरिक्त लागत बेहोर्नु परिरहेको छ । लाभ बाँडफाँडका क्रियाकलापहरूको प्रत्यक्ष लागत र स्थानीय समुदायको पूरा गर्नै नसकिने मागलाई लिएर उनीहरूसँग अन्त्यहिन वार्ता गर्दागर्दै हुने ढिलाईका कारण बेहोर्नु पर्ने अप्रत्यक्ष लागतले गर्दा निर्माताहरूको कुल लागतमा वृद्धि भइरहेको छ ।

## आगामी पथ

निर्माणकर्ताहरू आफ्नो बजेटको निश्चित भाग (परियोजनाको आकार र बजेट हेरी ०.५% देखि २% सम्म) खर्च गर्न पनि तयार रहेका छन् तर उनीहरू एउटा स्पष्ट संयन्त्र चाहन्छन् जसले उनीहरूले प्रदान गर्नुपर्ने के हो भन्ने कुरा प्रस्ट्याओस् । उक्त कुरा प्रदान गरिसके पश्चात ढुक्कसँग विना कुनै हस्तक्षेप आफ्नो परियोजना तर्जुमा, निर्माण र सञ्चालन गर्न पाँउछन् भन्ने विषयको प्रत्याभूति पनि उनीहरु चाहन्छन् । यस मुद्दालाई सम्बोधन गर्न खोज्ने कुनै पनि नीतिले परियोजनाहरूको आकार र बजेटमा भएको विविधता र यस विविधताका कारण लाभ प्रदान गर्न सक्ने तिनको क्षमतालाई पनि मध्यनजर गर्नुपर्ने हुन्छ ।

हाल निर्माताहरूले यस समस्यालाई सम्बोधन गर्न आँफै एउटा उपाय पत्ता लगाएका छन् । उनीहरूले प्राय:जसो स्थानीय राजनीतिक नेता तथा स्थानीय समुदायका अन्य सदस्यहरू सम्मिलित सरोकार समिति गठन गर्ने गरेका छन्

जसले निर्माताहरूसँग उक्त क्षेत्रका स्थानीयले लाभ बाँडफाँडको रूपमा के चाहन्छन् भनेर अन्तरक्रिया गर्छन । यद्यपि, यस्ता मौखिक करारहरूको कार्यान्वयन गर्न गाह्रो छ किनकी यी सरोकार समितिहरू कानूनी मान्यता प्राप्त संस्था होइनन । सरकारलाई परियोजनाहरूले बुझाएको रोयल्टीको स्पष्ट वितरण संयन्त्रको अभावले गर्दा, स्थानीयको मागहरू बढ्दै जाने प्रवृत्ति निश्चित छ । तसर्थ, एउटा स्पष्ट र कार्यान्वयन गर्न मिल्ने किसिमको नियामक संरचनाको अविलम्ब आवश्यकता छ जसले परियोजनाको आकार, बजेट, लगानीको स्रोत तथा सम्भाव्यताजस्ता कुरालाई पनि मध्यनजर गर्दछ ।

## नीतिगत सुझावहरू

यस शोध पत्रमा गरिएको सर्वेक्षणको नतिजा अनुसार स्पष्ट र लागु हुन सक्ने लाभ बाँडफाँडको संरचनाले साना आयोजनाको हकमा २.९ करोड र मध्यम आयोजनाको हकमा १८.४ करोड अतीरिक्त व्यवसाय लागत बचत गर्न सक्छ ।

- लाभ बाँडफाँड सम्बन्धी स्पष्ट नीतिगत खाका तयार पार्नुपर्छ जसले लाभ बाँडफाँडको सीमा र आधारलाई स्पष्ट रूपमा व्याख्या गर्दै आयोजनाको आकार, बजेट, लगानीको स्रोत तथा सम्भाव्यताजस्ता कुरालाई मध्यनजर गरी स्पष्ट मार्गनिर्देशन गर्दछ । यसैमा स्थानीय समुदायहरूसम्म लाभ पुगेको सुनिश्चित गर्ने एउटा स्पष्ट वितरण संयन्त्रको पनि आवश्यकता छ । लाभ बाँडफाँडसम्बन्धी नियमन परियोजनाको आकार (जस्तैः ठूलो, मध्यम, सानो), बजेट, र लगानीको स्रोतमा आधारित हुनुपर्छ । सबैको लागि एकैखाले पद्धति अपनाउने नीति नेपालको सन्दर्भमा प्रभावकारी हुनेछैन किनभने सानो परियोजनाको थोरै प्रतिशत बजेट लाभ बाँडफाँडमा खर्च गर्दा पर्याप्त नहुन सक्छ जबकी ठूलो परियोजनाको बजेटको सानै प्रतिशत पनि लाभ बाँडफाँडको लागि आवश्यकता भन्दा धेरै हुनसक्छ ।

- यस सर्वेक्षणका उत्तरदाताहरूका अनुसार साना परियोजनाहरू (१० मेगावाट वा त्यसभन्दा कम)को हकमा कुल परियोजना बजेटको २% र मध्यम परियोजनाहरू (२० देखि ६० मेगावाट)को हकमा परियोजनाको कुल लागतको ०.५% लाभ बाँडफाँडमा खर्च गर्न वित्तीय रूपमा सम्भव हुन्छ ।

- परियोजना आसपासका क्षेत्रहरूको लाभ बाँडफाँडसम्बन्धी सबै मामिलाहरू हेर्न र समन्वय गर्न स्थानीय सरकारलाई सशक्तिकरण गर्न जरुरी छ । निजी निर्माणकर्ताहरूले स्पष्ट रूपमा कुनै एक निकायमा योगदान बुझाउने र उक्त निकायलाई समतामूलक वितरण गर्न जिम्मेवारी दिने व्यवस्था मिलाउनुपर्छ । अन्ततः स्थानीय सरकार को जिम्मेवारी निजी निर्माताले बहन गर्नुपर्ने अवस्था हुनु हुँदैन ।

# सन्दर्भ सामग्रीहरु


Arko Network (2015, March 18). Tamakosi hydropower project incurring losses worth millions every day.http://arko.asia/news/nepal/tamakoshi-hydro-project-incurring-losses-worth-millions-every-day/

Cernea, M. M. (2008). Compensation and benefit sharing: Why resettlement policies and practices must be reformed. Water Science and Engineering, 1(1), 89-120.

Dixit, A. & Basnet, S. (2005). Recognising Entitlements and Sharing Benefits: Emerging Trends in Nepal's Hydropower Terrain IUCN Nepal.

Égré, D. (2007). UNEP Dams and Development Project, Compendium on Relevant Practices - 2nd Stage, Revised Final Report - Benefits sharing Issue. UNEP

Ekantipur (2014, December 17). Locals demand shares in Khimti Project.http://www.ekantipur.com/2014/12/17/business/locals-demand-shares-in-khimti-project/399144.html

Joshi, S., Krishnan, R., & Lave, L. (2001). Estimating the hidden costs of environmental regulation. The Accounting Review, 76(2), 171-198.

The Kathmandu Post (2014, December 20). Hydropower dev in shambles. http://kathmandupost.ekantipur.com/news/2014-12-20/hydropower-dev-in-a-shambles.html

The Kathmandu Post (2014, December 22). Obstruction turns away investors. http://kathmandupost.ekantipur.com/printedition/news/2014-12-22/obstruction-turns-away-investors.html

MyRepublica (2014, December 25). Locals to get 6 pc share in Bhotekoshi Hydro. http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=89255

NEA (2014). A year in review. Fiscal year 2013/14

Nepal Energy Forum (2013, March 24). DoED collects Rs 2.54b in royalty from power producers. http://www.nepalenergyforum.com/doed-collects-rs-2-54b-in-royalty-from-power-producers/

Nepal Energy Forum (2014, December 16). Local Politicians Obstruct Mid BhoteKoshi as well. http://www.nepalenergyforum.com/local-politicians-obstruct-mid-bhotekoshi-as-well/

Nepal Energy Forum (2015, February 18). Upper Karnali Hydropower Project sets off land rush.http://www.nepalenergyforum.com/upper-karnali-hydropower-project-sets-off-land-rush/

Sovacool, B. K., Dhakal, S., Gippner, O., & Bambawale, M. J. (2011). Halting hydro: a review of the socio-technical barriers to hydroelectric power plants in Nepal. Energy, 36(5), 3468-3476.

Wang, C. (2012). A guide for local benefit sharing in hydropower projects.

World Commission on Dams. (2000). Dams and Development: A New Framework for Decision Making. London and Sterling, VA: Earthscan.

# अनूसूचीहरु

## अनूसूची १ : सर्वेक्षण प्रश्नावली (अङ्ग्रेजीमा)

**Purpose:** This survey will collect data on regulatory (or lack of regulatory) costs in meeting the demands of locals to provide benefit sharing. This survey will also collect information on other causes of time and cost overrun of projects in hydro power sector in Nepal and how benefit sharing compares or ranks among those factors.

***Confidential information will not be disclosed during analysis or during presentation of result of this study.***

## Section 1: Survey contact information

Please complete the following information.

- Date of Survey/Interview:
- Title of respondent (Developer/Contractor/Consultant/Engineer/ Management/Government Employee/ Other specify):
- Years of experience of Respondent
- Telephone number:
- E-mail address:
- Nationality of Respondent:

## Section 2: Business and Project Demographic

- Business name (Company Name):
- District/ City/Village of location of Company:
- District/ City/Village of location of Project:
- Duration of License of the Project: __________________ Since :___________________
- Name of the Project:
- Size/Capacity of Project (in MW):
- Type of company (private/government/foreign/ mixed partnership):
- Source of Funding for Project (Private/Government/Foreign/Mixed/ Other specify):
- Stage of Project (Planning phase/ Construction/ Operational):
- Estimated total Cost of the Project (In NRs.):
- Actual total cost of the project (in NRs.):
- Estimated duration of completion of project (in years):
- Actual time taken to complete the project (in years):

## Section 3: Benefit Sharing

- What do local demand from your project as part of benefit sharing package?

a) Health Clinic/School/Road/Bridge
b) Equity in the company
c) Employment
d) Irrigation/Drinking Water infrastructure
e) Community Development fund
f) Preferential rates/Free Electricity
g) Other:

- Is this demand as benefit sharing from local community, financially feasible for your project?

a) Yes b) No c) No, but have to provide anyway

- **What percentage of total project cost** is financially feasible for your project to spend on locals as part of benefit sharing package? (range of percentage will work)

- What benefit sharing package have this project provided to the local community?
a) Health Clinic/School/Road
b) Equity in the company
c) Employment
d) Irrigation infrastructure
e) Community Development fund
f) Preferential rates/Free Electricity
g) Other:

- What is cost to your project to provide benefit sharing to locals? (Please specify whether cost is per month or per year where it applies. If there is no break-down of costs by category listed below, just put total estimated cost at the bottom)

| **Category** | **Actual cost (In NRs.)** |
|---|---|
| Overhead Cost (e.g. Administrative cost) | |
| Cost of Infrastructure | |
| Cost of providing equity to locals | |
| Cost of providing employment to locals | |
| Cost of providing free electricity to locals | |
| Other Costs to provide benefit sharing to locals: | |
| **Total cost to provide benefit sharing** | |

- Has there been incidence that your project was halted due to local resistance/obstruction?
a) Yes b) No

- Based on your experience what are top 5 **causes of resistance/obstruction from local community in your hydro power project?** (for example: relocation, compensation, environmental danger to community, benefit sharing issues,)

1:
2:
3:
4:
5:

Based on your experience who are top 5 **actors/agents** of resistance/obstruction in your hydro power project (for example: affected locals, local youth, local struggling committee, political leaders/cadres, workers, vandals)

1:
2:
3:
4:
5:

- What was the **duration of halt** in your project? (rough estimates in weeks or months will work)

Halts related to locals demanding benefit sharing package and dealing with them ___________________________

Halts related to vandals (for example: to get contract for supplies) __________________________

Halts related to national political environment (Nepal Bandh etc.)____________________

- Is stake holder committee formed by this project to deal with local issues?

a) Yes b) No

- Have you extended deadline for this project?

a) Yes  b) No

- If answered yes to deadline, by how much? (Specify months/years)

- What is the average/estimated operational cost and revenue for this project? (in NRs.)

| **Description** | **Amount in NRs.** |
|---|---|
| Average monthly Cost (for project on planning and construction) | |
| Average monthly Cost (for operational project) | |
| Estimated monthly revenue (for project on planning and construction phase) | |
| Actual monthly Revenue (for operational projects) | |
| Cost associated with remobilization and getting back to speed after halt (rough estimate will work) | |

How would you assign responsibility to each of the following parties for delays and cost overrun in this hydropower project? (total must come to 100)

Developer ________________

Contractor ________________

Consultant _________________

Management _________________

Government ___________________

Local community _____________________

Other (specify:                ) ____________________

- How would you rank following factors that cause time and cost overrun in your hydropower projects? (1 indicating most frequent and most severe; and 5 indicating least frequent and least severe. Please indicate the ranks by placing numbers in the bracket)

| Factors/Cause | Severity Rank | Frequency Rank |
|---|---|---|
| Preparation and Approval of Plans | | |
| Project Development Agreement | | |
| Major negotiation and Contract Disputes | | |
| Inflation | | |
| Cash flow and monthly payment | | |
| Fluctuations in Exchange rates | | |
| Availability of Materials | | |
| Labor Disputes | | |
| Unrealistic contract duration and requirement | | |
| Benefit sharing package to locals | | |
| Design and Size Changes | | |
| Project Size | | |
| Inadequate modern equipment | | |
| Laws and regulatory frame work | | |
| Fluctuation in interest rates | | |
| Political Complexities (co-ordination among ministries) | | |
| Weather and geographic Conditions | | |
| Heritage site | | |
| Poor Cost Estimation | | |
| Poor site management and supervision | | |

| | | |
|---|---|---|
| Poor Contractor Performance | | |
| Shortage of site workers | | |
| License issues | | |
| Land Acquisition | | |
| Lack of Transmission Lines | | |
| Lack of Communication among involved parties | | |
| Unforeseen ground Conditions | | |
| PPA | | |
| Other (specify) | | |

- What would you like to add:

## अनूसूची २ : सर्वेक्षणमा लिइएका नमुना आयोजनाहरु

| क्र.सं | आयोजनाको नाम | आयोजनाको क्षमता | आयोजनाको प्रकार | आयोजनाको अवस्था |
|---|---|---|---|---|
| १. | आधिँखोला | ९.४ मेगावाट | निजी | संचालनमा |
| २. | बारम्चि | ४.२ मेगावाट | निजी | संचालनमा |
| ३. | कावेलि | ३७.६ मेगावाट | निजी | योजनामा |
| ४. | खिम्ति | ६० मेगावाट | निजी | संचालनमा |
| ५. | माई कास्केड | ७ मेगावाट | निजी | निर्माणाधीन |
| ६. | माई | २२ मेगावाट | निजी | संचालनमा |
| ७ | पिलुवा खोला सानो | ३ मेगावाट | निजी | संचालनमा |
| ८. | माथिल्लो भोटेकोसी | ४५ मेगावाट | निजी | संचालनमा |
| ९. | माथिल्लो हुग्दि | ५ मेगावाट | निजी | संचालनमा |
| १०. | नाम नखुलाइएको | ५ मेगावाट | निजी | योजनामा |

# समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
# एक परिचय

समृद्धि फाउण्डेशन आर्थिक नीतिहरुमा अनुसन्धान तथा पैरवी गर्ने एक स्वतन्त्र, गैर राजनीतिक, नाफा वितरण नगर्ने शैक्षिक तथा अनुसन्धानमूलक संस्था हो । काठमाँडौस्थित यस फाउण्डेशनले स्वतन्त्र र समृद्ध नेपाल निर्माणका लागि बजार व्यवस्था प्रर्वद्धन गर्ने व्याहवारिक सुधारहरुमा नीतिगत बहस चलाउँछ ।

लोकतान्त्रिक मूल्य तथा मान्यता प्रर्वद्धन र नेपालको आर्थिक वृद्धिका विषयमा सन् २००७ देखि सक्रिय भएर काम गर्दै आएको यस संस्थाले बजार प्रणाली र उद्यमशिलताको पक्षपोषण, शासनप्रणालीमा सुधार, तथा स्वतन्त्र समाजका मूल्यहरुको प्रर्वद्धनमा अनुसन्धान तथा प्रकाशन, शिक्षण तथा तालिम लगायत बहस, पैरवी र सार्वजनिक सहभागिताका कार्यक्रमहरु संचालन गर्दछ ।

नेपालको आर्थिक विकासका सन्दर्भमा हुने नीतिगत छलफल र बहसमा उद्यमी, राजनीतिज्ञ, व्यवसायी तथा प्रशासक वर्ग लगायत विभिन्न विषयका विज्ञहरुलाई संलग्न गराई नेपालको आर्थिक वृद्धिमा टेवा पुर्याउन प्रयासरत संस्थाका रुपमो समृद्धि फाउण्डेशन चिनिने गर्दछ । सन् २००८ देखि संचालन भईरहेको अर्थतन्त्र तथा उद्यमशीलतासम्बन्धी पाँच दिने आवासीय शैक्षिक कार्यक्रम “अर्थालय”, सफल उद्यमीहरुको सफलताको यात्राको बारे सुन्दै उनीहरुको अनुभवबाट सिक्ने मौका प्रदान गर्ने मासिक कार्यक्रम “उद्यमीसँग महिनाको अन्तिम बिहिबार”, आर्थिक वृद्धिलाई सम्भव बनाउन गरिनुपर्ने नीतिगत सुधारको वार्षिक एजेण्डा तयार गर्ने “नेपाल आर्थिक विकास एजेण्डा”, आदि यस संस्थाका केही महत्वपूर्ण र परिचित कार्यक्रमहरु हुन् । यसका साथै समृद्धि फाउण्डेशनले “गरी खान देऊ!” जस्तो अत्यन्त सफल राष्ट्रिय अभियानको सचिवालय पनि संचालन गर्दछ ।

**थप जानकारीका लागि:**

www.samriddhi.org

/SamriddhiTPF

/SamriddhiTPF

/user/thesamriddhivideos

## समृद्धि फाउण्डेशनका अन्य प्रकाशनहरु

1. "Towards Enterprise Building in Nepal", Vol. I (2009) and Vol. II (2010) (Handbook) (Reprint in Nepali, 2012)
2. Pocketbook Series (2011)
3. A Nepali Entrepreneur's Handbook, jointly published with Entrepreneurs' For Nepal (2011)
4. Economic Growth and the Private Sector of Nepal (2011) (Compendium of a dozen articles from experts on various important economic issues of Nepal)
5. Critical Constraints to Economic Growth of Nepal: Analysis and recommendations on five sectors (2012) (Compendium of ten articles from experts)
6. The Road to Serfdom (2012) (translation) (in Nepali)
7. Nepal Economic Growth Agenda Report (2012) (Report) (in Nepali and English)
8. Investment Prospects and Challenges for Hydropower Development in Nepal (2012)
9. Review & Overview of Economic Contribution of Education in Nepal (2012)
10. Private Sector Participation in Transport Infrastructure Development in Nepal (2012)
11. Review & Overview of Economic Contribution of Tourism Sector in Nepal (2012)
12. Review of Agriculture Sector & Policy Measures for Economic Development in Nepal (2012)
13. Economic Freedom Matters, A study report on the connection between economic freedom and growth of Kirana Pasal (2013)
14. Ideas for a Free Society (2013) (in Nepali) (translation of 10 articles from classical liberal thinkers)
15. Contract Enforcement: The Practicalities of Dealing with Commercial Disputes in Nepal (2013) (in Nepali also)
16. Foreign Direct Investment: Towards Second Generation of Reforms (2013) (in Nepali also)
17. Industrial Relations An Institutional Analysis (2013) (in Nepali also)

18. Doing Business in Nepal: Ground Realities (2013) (in Nepali also)
19. Analysis of the Performance of the Public Enterprises (2013) (in Nepali also)
20. Competition Watch in Key Growth Sectors of Nepalese Economy (2013) (in Nepali also)
21. Policy Options for Improved Electricity Transmission System in Nepal (2014)
22. Policy Options for Improving Industrial Relations in Nepal (2014)
23. Policy Options for Public Enterprises Reform in Nepal: A look at two public enterprises (2014)
24. Nepal's Foreign Investment Policy and its Implication to Investors (2014) (in Nepali also)
25. Economic Aspirations (from the constitution) and Policy Priorities (2014)
26. Trade study series: A look at petroleum and fertilizer supply in Nepal (2015)
27. Ideas for Rebuilding Nepal (Conference Report on rebuilding Nepal after the April 2015 earthquake) (2015) (in Nepali also)
28. Better Education Outcomes Through Education Entrepreneurs: Volume 1 – Cost of Registering Private Schools in Nepal (2015)
29. Better Education Outcomes Through Education Entrepreneurs: Volume II – Cost of Complying with Applicable Regulations) (2015)
30. Ensuring protection of private property (2015)
31. Regulatory reform transportation services: Volume I: Understanding why cartels exist and sustain in public transportation services (2015)
32. Regulatory Reform in Transportation Services: Volume II – Revisiting taxi licensing in Bagmati Zone (2015)
33. Cost of Firing in Nepal (2015)
34. Economic Freedom Country Audit Report Nepal (2015) (A comprehensive analysis of Nepal's economic policy regime - Size of Government (Expenditures, Taxes, and Enterprises), Legal Structure and Security of Property Rights, Freedom to Trade Internationally, and Regulation of Credit, Labor, and Business.)

*All the publications are available at Samriddhi, The Prosperity Foundation.*

जलविद्युत आयोजनाहरूका निर्माणस्थलहरुमा स्थानीय बासिन्दाहरुबाट लाभ बाँडफाँडको माग स्वरुप कम्पनीमा शेयर स्वामित्व, पूर्वाधार (सडक, विद्यालय, आदि.) निर्माण र रोजगारी लगायतका मागहरु अगाडि आई यी मागहरु पूरा नगर्दा वा गर्न नसक्दा धेरै जलविद्युत आयोजनाहरूको निर्माण तथा सञ्चालनमा गत दशकमा अवरोधहरु आएका थिए ।

आयोजना निर्माणले गर्दा स्थानीय जनताहरुको दिनचर्या वा जीवनशैलीमा पर्ने प्रतिकूल प्रभाव तथा जोखिमलाई स्वीकार्दै आयोजनाबाट हुने दीर्घकालीन लाभमा उनीहरूलाई हिस्सेदार बनाइनुपर्छ भन्ने कुरामा आम सहमति भएको पाइए पनि लाभ बाँडफाँडको निर्धारित आधारशिला र कानूनी प्रावधानको अभावमा स्थानीयहरूको माग बढिरहेका छन् र ती माग पूरा गर्न नसक्दा आयोजनाहरूमा बारम्बार अवरोधहरू आइरहेका छन् ।

यसरी लाभ बाँडफाँडको मुद्दा जलविद्युत क्षेत्रको विकासमा चूनौतीको रुपमा अघि आएको अवस्थामा यस शोध पत्रले लाभ बाँडफाँडको स्पष्ट नीति नहुँदा जलविद्युत आयोजनाका लगानीकर्ता वा निर्माणकर्ताहरुले व्योहोर्नु पर्ने अतिरिक्त लागतको परिमाणिकरण सर्वेक्षणमार्फत गर्ने प्रयास गरेको छ । यस शोध पत्रले सोहीअनुसार नीतिगत सुधारका लागि केही सुझावहरु पनि प्रस्तुत गरेको छ ।

samriddhi THE PROSPERITY FOUNDATION

**समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन**

समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन
पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिम्सेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाण्डौ, नेपाल
फोन: (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फयाक्स: (९७७)-१-४४८-५३९१
ईमेल: info@samriddhi.org

www.samriddhi.org